# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (बाइसौं बैठक)

## कारवाहीको सम्पूर्ण विवरण

## मितिः-२०७६/०३/१२ गते, बिहान ११.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ बजेर २७ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्बप्रथम, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७६ माथिको बाँकि छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अबको छलफलमा विधेयकको भौतिक पूर्बाधार विकास मन्त्रालय सँग सम्बन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु। छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यहरुलाई छलफलको लागी १० मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

सर्वप्रथम, माननीय सदस्य श्री गायत्री गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य गायत्री गुरुङ्गः-**

माननीय सभामुखज्यु,आज हामि २०७६/०७७ को बार्षिक बिकास कार्यक्रम अन्तर्गत प्रदेश सरकारले विनियोजन गरेको भौतिक पूर्बाधार विकासको विनियोजित शिर्षक माथि छलफलमा जुटिरहेका छौं।हिजोबाट हामी यो छलफललाई निरन्तर अगाडि बढाईराखेका छौं।माननीय सभामूख महोदय, सरकारले निकै मेहनतका साथ जनता,जनताको आधारभूत आवश्यकतालाई ख्याल गर्दै सबैको भावनालाई समेटदै बजेट विनियोजन गरेको छ।यसलाई अँ यसको लागि प्रदेश,सम्बन्धित मन्त्रालयलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु र सफल कार्यान्वयनको शुभकामना सहित कार्यान्वयनको सम्बन्धमा आफ्नो जिम्मेवारी पुरा गर्ने प्रतिवद्धता पनि म जाहेर गर्न चाहान्छु।माननीय सभामूख महोदय,हामिले यो मसिनो अक्षरमा लेखिएको यो रातो किताब पढ्यौं ,समग्रमा सामुदायीक भबन,सिंचाई,सडक,मोटरेवल पुल, झोलुङ्गे पुल, खानेपानी,एकिकृत नमूनाबस्ती शिर्षकमा बजेट विनियोजित भएकोछ। भौतिक पूर्वाधार बिकास मन्त्रालय आफैंमा एउटा महत्वपूर्ण मन्त्रालय पनि हो।प्रदेश सरकारले आफ्नो कामलाई देखिने गरेर अगाडि बढाउन खोजेको मैले अनुभूत गरेको छु।आम प्रदेशबासी जनतालाई सम्बृद्ध प्रदेशको अनुभूति गराउनको निम्ती चाहिं यो बिनियोजित भाको मैले अनुभूत गरेको छु र प्रत्येक प्रदेशमा समानुपातिक हिसाबले विनियोजित गराउन खोजेको पनि मैले अनुभूत गरिराखेको छु।प्रदेश नमूना सडकलाई तिब्र गतिका साथ अगाडी बढाउनको निम्ति यो विनियोजित गरेको मैले अनुभूत गरेको छु र प्रदेश राजधानी बाट सदरमुकाम जिल्ला जोडने,सदरमुकाम बाट स्थानीय तह जोडने र स्थानीय तह बाट स्थानीय तह जोडने एउटा उद्धेश्यका साथ यो बजेट विनियोजित भाको मैले अनुभूत गरेको छु र यसमा हाम्रो दलको र मेरो तर्फ बाट पूर्ण समर्थन रहेको पनि म जानकारी गराउन चाहान्छु।माननीय सभामूख महोदय,हामी अहिले यतिखेर यो रोष्ट्रममा बसेर छलफल गरिरहँदाखेरि हामी एक अर्कामा माझिएका पनि छौं।आफ्नो बिषयवस्तुहरु

हामीले यहाँ राखिराखेका छौं, यसमा हामीले राम्रा कामलाई समर्थन पनि गरिराखेका छौं र प्रशंसा पनि गरिराखेका छौं, कमिकमजोरीहरुलाई हामीले औंल्याएका पनि छौं र हाम्रा गुनासोहरु पोखिराखेका पनि छौं र यी गुनासाहरु, हाम्रा कमि कमजोरीहरु हामीले गरेको राम्रा कामको बारेमा मलाई लाग्छ जसरि एउटा असल अभीभावक आफ्नो परिवारलाई चाहिं एउटा सेटमा अथवा राम्रो ढंगले चाहिँ राख्नको निम्ती जसरि लागेको छ, मलाई लग्छ प्रदेश सरकार पनि एउटा असल अभीभावकको रुपमा चाहिँ प्रस्तुत भको मैले अनुभूत गरिराखेकोछु र माननीय सभामूख महोदय,हामीले यहाँ थुप्रै कुराहरु हिजोदेखिन आजको छलफलको क्रममा धेरै बिषयवस्तुहरु पनि सुन्यौं कि छलफलको सन्दर्भमा प्रदेश सरकार अथवा माननीय मन्त्रीज्यूहरु ईमान्दारिपुर्वक यहाँ प्रस्तुत रहँदाखेरि एउटा कमिकमजोरीको रुपमा हेर्ने दृष्टीकोण यो गलत हो कि जस्तो मलाई लाग्छ। प्रदेश सरकार यो प्रदेशलाई एउटा संबृद्ध बनाउनको निम्ति यसलाई एउटा यो प्रदेशका सुखि जनता बनाउनको निम्ति कटीबद्ध भएर आफ्ना कमि कमजोरीहरु योयो छ,हाम्रा छुटेका बिषयवस्तुहरु योयो छन भनेर चाहिं ईमान्दारिपुर्वक आको छ र ती कमजोरीहरुलाई हटाएर फेरि एउटा संबृद्ध प्रदेश बनाउने एउटा अभियानमा लाको मैले चाहिं अनुभूती गरेकोछु र जो अहिले विनियोजीत भाकोछ यो साँच्चीकै एउटा संबृद्ध प्रदेश बनाउने उद्धेश्यका साथ त्यो भाको छ र यसमा फेरि पुनः म समर्थन गर्न चाहान्छु र थोरै मैले हामीले यो सत्तापक्ष भन्ने बित्तिकै हामीले एउटा यहां कमि क आचे यसलाई एकदम अन्धाधुन्ध रुपमा हामीले आँखा चिम्म गरेर समर्थन गर्ने भन्ने पनि भन्दा पनि हामीले सकारात्मक सुझावको हिसाबले पनि हामीले त्यो दिएर फेरि एउटा यो प्रदेशलाई एउटा सम्बृद्ध बनाउने एउटा अभियानलाई थप उर्जा मिल्छ भन्ने मैले ठानेकोछु र त्यो सन्दर्भमा मैले थोरै सुझावको रुपमा के राख्न चाहान्छु भन्दाखेरि जसरि हामीले यो वजेट विनियोजित गरेका छौं वजेटलाई अगाडी बढाईराखेका छौं भौतिक पूर्वाधारको क्षेत्रमा।यसको निम्ति हामीले कार्यान्वयनको पक्षलाई प्रभावकारी बनाउनको निम्ती सुरु बाट नै सरकारले एउटा

अलिकति गति लिएर अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ अर्को प्रदेशमा एउटा मलाई समग्रमा हेर्दा त सन्तुलन मिलेकै जस्तो लाग्छ तैपनि कहिँकतै असन्तुलित भएकोभए त्यसलाई सापेक्षित निरपेक्षता हुँदैन, सापेक्षित सन्तुलन गराउनको निम्ति यसमा चाहिँ सम्बन्धित मन्त्रालयले ध्यान दिनुपर्ने होकी भन्ने मलाई लाग्छ। यसैगरि माननीयज्युहरुको चाहिं केहि गुनासाहरु पनि मैले सुनें चाहे यो हामि यो रोष्ट्रममा उभिएर आफ्ना कुराकानीहरु राख्दा होस चाहे अनौपचारिक रुपमा हामीले गफ गर्दा होस अथवा बाहिर एकअर्कामा छलफल गर्दा होस केही समस्याहरु भाको हो कि जस्तो हामीले गुनासो पाउँछौं। यदि त्यस्तो माननीयज्यूहरुको भावना, भावना नसमेटिएको हो भने त्यसलाई अबको दिनमा चाहीँ समेटनको निम्ति पनि त्यतातिर चाहिँ सम्बन्धीत मन्त्रालयको ध्यान जानेछ मैले त्यो आशा लिएको छु र अन्त्यमा यो रातो किताब यो अनौपचारिक रुपमा दिएपनि हुन्थ्यो हुन त यो चालीसे लाग्न लाएर पनि होला अलि आँखा नदेखिएको जस्तो। पोहोरको जस्तो अलि सजिलो भएन हामीलाई हेर्नलाई यो अबको दिनमा चाहिँ सजिलो बनाउनको निम्ति पनि म अनुरोध गर्दै पुनः यसको समर्थन गर्न चाहान्छु। धन्यवाद !

**(माननीय सभामुख)**

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मी लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीः-**

माननीय सभामूखज्यू,विनियोजन बिधेयक २०७६ माथि हामी छलफल सुरु गरिरहेका छौं र आज भौतिक पूर्वाधार बिकास मन्त्रालय सँग सम्बन्धित बिषयमा छलफलमा सहभागि बन्ने सन्दर्भमा म यहाँ रोष्ट्रममा उभिएको छु। सर्वप्रथम त म प्रदेश सरकारको नीति कार्यक्रमले यो प्रदेशलाई सम्वृद्ध प्रदेश बनाउने जुन प्रतिवद्धता,त्यसका आधारहरु र त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा भौतिक पूर्वाधार बिकास मन्त्रालय सबैभन्दा बढि रकम विनियोजित गरेर भौतिक पूर्वाधारको माध्यमबाट हामीले हाम्रा प्राथमिकताहरुमा जानसक्छौं र लक्ष्यमा पुग्नसक्छौं भन्ने

महशुस गर्दै यो बजेट विनियोजित भएको मैले महशुस गरेको छु।स्वभाबिक छ बजेट तर्जुमा गर्दा यो मन्त्रालयसँग सम्बन्धित रहँदा यसका धेरै पक्षहरुसँग सरोकार रह्यो भन्ने मैले बुझेको छु।बिशेष गरेर यो बजेट तर्जुमा गर्दा भौतिक पूर्वाधार मन्त्रालयमा त्यसको प्राविधिक पक्षको सन्दर्भमा पनि चर्चा गर्न चाहान्छु।यो बजेट विनियोजित गर्दा क्रमागत योजनाहरु र थप नयाँ योजनाहरु कसरि संचालित गर्ने भन्ने बिषयमा यसले समेटेको छ भन्ने मैले बुझेकोछु।त्यहाँ भित्रको कर्मचारी संयन्त्र र त्यसलाई काम गर्ने सन्दर्भमा देखा परेका चुनौती र समाधानका बाटाहरुमा पनि यसले आफुलाई ध्यानाकर्षण गरेको छ भन्ने मैले महशुस गरेको छु।स्थानीय तहको माग र आवश्यकता, अहिले संघीय सरकार सँग गरेका अपेक्षा, संस्थागत ढंगले पनि अपेक्षा गरिएका बिषयहरु छन। यद्यपि हामीले स्थानीय तहका कुरा गरिरहँदा आफैमा सरकार हामि आफैमा सम्पन्न छौं भनिरहँदा पनि प्रदेश सरकार सँग पनि अपेक्षा गरेका बिषय पनि शायद मन्त्रालयमा आएको हुनुपर्छ र त्यसमा छलफल भएको हुनुपर्छ।जनताको सरोकारको बिषय पनि स्वभाबिक छ।मैले महशुस गरेको कुरा के हो भने हामी प्रदेशका माननीयहरुले योजना पेश गर्ने कुरा गरिरहँदा व्यक्तिगत ढंगले मन्त्रालयसँग सरोकार राख्दै हाम्रा अपेक्षाहरु यि हुन भनेर जनताको सरोकारको बिषय पनि मन्त्रालयसँग आईपुग्ने गर्दोरहेछ।जनप्रतिनिधिको हैसियतले हामीले तल पनि हेर्‍यौं,तल पनि ति समस्याहरु हामीले देख्यौं। स्वभाबिक छ जनताका अपेक्षा र संस्थागत ढंगले गरिने निर्णयहरु पनि को बिचमा पनि एकरुपता तारतम्य मिलाउनुपर्ने समायोजन गर्नुपर्ने यो आवश्यकतालाई पनि मलाई लाग्छ यो मन्त्रालयले महशुस गरेको छ र प्रदेश माननीयहरुको अपेक्षा हामीले जे अपेक्षा गर्‍यौं हाम्रो आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित रहेर हामीले बढिभन्दा बढि योजना सम्पन्न गर्न पाए हुन्थ्यो भन्ने हाम्रो अपेक्षा स्वभाबिक हो।त्यो अपेक्षा त्यतिमात्र होईन संघीय सरकारले ल्याएका योजनाहरु र त्यो क्षेत्रमा कार्यान्वयन भएका योजनाहरुसँग पनि शायद मन्त्रालयले केहि अनुगमन गरेको छ वा त्यसको स्टडी गरेको छ र त्यसको आधारमा पनि

विनियोजीत गर्दाखेरि कतै धेरै थोरै वा केहि सन्तुलन नभएको भए त्यसले पनि असर परेको हो कि भन्ने मलाई आशंका उब्जिएकोछ। त्यतिमात्र होईन भौगोलिक अवस्थिति र त्यसको आवश्यकतालाई पनि महशुस गर्नुपर्ने अहिलेको आवश्यकता हो। मैले यतिमात्रै किन भन्न खोजेको हो भने नीति योजना र शिद्धान्तको आधारमा हामीले ल्याएको यो बजेटको सन्दर्भमा माननीय मुख्यमन्त्रीले यहाँ जुन प्रस्तुत गर्नुभथ्यो, त्यो प्रस्तुत गरिरहँदा ति सबै बिषयहरुलाई संबोधन गरेको मैले महशुस गरेको थिएँ र मलाई के लाग्छ भने यो बजेट निर्माण गर्ने प्रकृया अनि संसदको गरिमा र दलको भूमिकाको बारेमा पनि अहिले मलाई थोरै चर्चा गर्न मन लाइरहेको छ। हिजो यो रोष्ट्रममा ऊभिएर माननीयज्यूहरुले बिशेष गरेर प्रतिपक्ष दलका माननीयले जुन बिषय उठाउनुभो मलाई त अलिकिति थाहा भएन। म धेरै त्यस्तो बुझ्दा पनि बुझ्दिन, प्रमुख प्रतिपक्ष दलको माननीयले आफ्नो सिटमा आशन त्यसको आसनमा उभिएर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्नुभएको थियो अनि प्रतिपक्ष दलको नेताले यहाँ ऊभिएर जुन खालको अभिव्यक्ती व्यक्त गर्नुभयो त्यल्ले यो संसदको गरिमाप्रति प्रश्न उठ्ने वातावरण श्रृजना गरेको कुरा चर्चाको बिषय बनिरहेकोछ। हामी यो सदनलाई गरिमामय बनाउन चाहान्छौं, यो प्रदेशको संबृद्धि चाहान्छौं र हामी अग्रगमनको बाटोमा अगाडि बढ्न चाहान्छौं, संघीय लोकतान्त्रीक गणतन्त्रलाई कार्यान्वयन गर्न चाहान्छौं र यो अभीयानमा हामीलाई सफलताको लागि हामीले जस्तोसुकै योगदान गर्न तयार छौं भनेर राजनितिक ढंगले आफुलाई नेतृत्व गर्ने दलका साथीहरुले फेरि प्रतिगमनको बाटो देखाउँदै आफुलाई बैकल्पिक शक्तिकोरुपमा ईंगित गर्दै कतै यो संसदीय गतिविधि भन्दा अलग रहन खोजेको त होईन भन्ने जुन संकेत छ यो गम्भिर आपत्तीको बिषय छ भन्ने मलाई लाग्दछ। मुख्यमन्त्रीले जुन ढंगले प्रस्तुत गर्नुभको थियो। यो बजेट यो कागजको खोष्टोको रुपमा होईन यो संसदबाट मा पेश भएको सरकार बाट पेश भएको एउटा शिद्धान्त, नीति र कार्यक्रमको आधारमा पेश भएको बजेटलाई जुन ढंगले उपेक्षा गर्न खोजियो मलाई लाग्छ यो हाम्रो आफुले आफैंमाथि पनि औंला ठड्याईरहेकाछौं यस

बारे हाम्रो हामीले सोच्नुपर्छ भन्ने मलाई लाग्दछ।म आग्रह गर्न चाहान्छु,अनुरोध गर्न चाहान्छु यो सबैको साझा अपनत्व हुने गरि अगाडि जाने जुन कोशिस गरिएको छ त्यसको समिक्षा गरिएको छ त्यसलाई सकारात्मक ढंगले हेर्नुपर्छ भन्ने मलाई लाग्दछ।बहुमत बहुदल केरे बहुमतको दम्भ होइन बरु मलाई अहिले के आशंका लागेको छ भने नेपाल कम्युनिष्ट पाटी अल्पमतमा भएर अनि सत्तापक्ष अहिलेकै अबस्थामा भएको भए अनि त्यो दम्भले हामी कहाँ पुग्थ्यौं होला भन्नि पो लागिराछ।सत्तापक्ष मलाई लाग्छ त्यस्तो दम्भ देखाएर अगाडि बढेको महशुस छैन,सहकार्य गरेर सहअस्तित्व र समन्वयका आधारमा जानुपर्छ भन्ने जुन भावना छ त्यसमा पनि कतै आँच आउने गरि अभिव्यक्ति नहुँदा राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ।भौतिक पूर्वाधार मन्त्रालयको प्रश्न उठ्यो बजेट विनियोजीत गर्दा बजेट तर्जुमा गरिरहँदा त्यो मन्त्रालयमा गोपनियताका कुरा कसरि बाहिर आए? म प्रश्न गर्न चाहान्छु अनुरोध गर्न चाहान्छु,हामी भित्रको संयन्त्र हामी भित्रको योजना निर्माण गर्ने क्रममा भएका कुराहरु पनि गोपनियता भंग भएर हामीकहाँ आयो भन्नि ढंगले प्रस्तुत भएको छ यसकारण मन्त्रालय पनि यो ब्युरोत्र्याटस यो कर्मचारी साथीहरुकोमा पनि त्यसमा विशेष गरेर आफुलाई मन्त्रालयको अबधारणा र त्यसको नीति र योजना के छ भन्ने कुरामा प्रष्ट हुनपर्छ भन्नि लाग्छ यस्तै कुराले हामीलाई कतै कमजोर बनाउने खेल भयो भने त्यसमा सचेत हुनुपर्छ भन्ने मलाई लाग्दछ।अहिलेको आवस्यकता खानेपानी, सिंचाई बढि बजेट विनियोजित भएको मैले महशुस गऱ्याछु।हामी उत्पादनमा जोड दिने भनेका छौं, कृषीमा जोड दिने भनेका छौं अनि खानेपानी हरेकका घरमा धारा पुऱ्याउने भनेका छौं,स्वभाबिक त्यो ढंगले विन् बजेट विनियोजित भएको छ भन्नि मैले महशुस गरेको छु।सडक,पुलहरुको कतै यहाँ प्रसंग पनि चल्यो म बिषयत जान चाहान्न। म एउटा स्याङ्गजाको एउटा प्रतिनिधीको हैसियतले स्याङ्गजामा धेरै बजेट गयो भन्दाखेरि खुसि पनि ब्यक्त गर्छु धन्यवाद दिन चाहान्छु तर स्याङ्गजा कस्तो रैछ भने स्याङ्गजाको भौतिक संरचनाको कुरा गरिँदा भौतिक पूर्वाधार बिकास

मन्त्रालयको योजना बनाईरहँदा त्यसले ५ नम्बर प्रदेशसँग पनि जोडेर योजना पर्दोरैछ। पर्वत सँग पनि जोडिंदोरैछ गुल्मी सँग पनि जोडिंदोरैछ अनि धेरै जिल्ला प्रदेश भित्रकै जिल्ला पनि तनहुँ पनि जोडिने,कास्की पनि जोडिने हुँदा कतै यो धेरै बजेट त्यहाँसंग जोडिएर आउँदा खेरि यो लिङ्कअप भएर आउँदाखेरि अलि बढि बजेट विनियोजीत भएको हो कि? तल जाँदा त बजेटै परेन भन्ने पनि हामीलाई पनि भाहोला। हाम्रो अपेक्षा धेरै छन र मैले यति अनुरोध गर्न खोजेको के हो भने स्याङ्गजाका सन्दर्भमा धेरै भूमीहरु सिंचाईयोग्य भूमीहरु त्यसको नदी नियन्त्रण गर्नुपर्ने कुरा आँधिखोला करिडोरदेखि लिएर ज्याग्दीखोला करिडोरसम्म धेरै सडक सञ्जाल जोडिएका र क्रमागत योजनाहरु धेरै भएकोले स्वभाबिकरुपमा ति योजनाहरुलाई कार्यान्वयन गर्ने सन्दर्भमा पनि मन्त्रालयको ध्यान केन्द्रित भएको छ र यसले हामीलाई उत्साहित पनि बनाएकोछ र यो सन्तुलित बिकासको अबधारणामा स्याङ्गजाले मात्रै प्रतिफल प्राप्त गरेको छैन,समग्र यो प्रदेशकै बिकास र संबृद्धिसँगै सबैलाई समानुपतिक ढंगले बजेट विनियोजीत गर्ने कुरामा कहिँ कतै तलमाथि छ अथवा कमि कमजोरी छ भनेपनि अन्य मन्त्राल बजेट विनियोजीत गर्दा त्यो ठाउँमा त्यहि ढंगले समेटेर गएर सन्तुलित बिकासको अबधारणा बाट अगाडी जानेछ भन्ने मैले विश्वास लिएकोछु। सभामूख महोदय,म यति मात्रै अनुरोध गर्न चाहान्छु अहिले यो भौतिक पूर्वाधार बिकास मन्त्रालय बाट विनियोजित बजेटले सबैको अपनत्व हुने गरि यो प्रदेशको संबृद्धि हुने गरि आएकोछ र म,मेरो पाटी र मेरो व्यक्तिगत तर्फबाट पनि समर्थन गर्दै म आफ्नो भनाईहरु अन्त्य गर्छु। धन्यवाद !

**(माननीय सभामुख)**

माननीय सदस्य श्री मिना गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री मिना गुरुङ्गः-**

माननीय सभामूखज्यू,आर्थीक मामीला तथा योजना मन्त्रालयको आर्थीक वर्ष २०७६/०७७ को बजेट विधेयकमा सहभागिताको लागि म हार्दीक धन्यवाद दिन

चाहान्छु। अहिले हामी मानिसहरुको जीवन प्रश्नैप्रश्नको एउटा ठेली बनिरहेकोछ। बरु जीवन सकिएला वा जीवन सकिन्छ, प्रश्न सकिँदैन। प्रश्न श्रद्धा, भरोसा र विश्वासको भए राम्रो हुन्थ्यो तर अविश्वास र नकारात्मकतामा बढि ढल्किएको जसले हामीले देखेका शान्तीप्रिय नेपाल, सम्बृद्धी, सुशासन, सहअस्तित्व जस्ता मूलभूत हाम्रा आधारहरु कमजोर हुन्छ की! म आशंकित भैरहेको छु। माननीय सभामूखज्यू, यो सम्मानित सभामा भैरहेको छलफलको मैले व्यक्तिगत तवरले अध्ययन गर्दा हामी नयाँ नेपाल अनि संघीयताको स्थायीत्वप्रति कतै गलत अभ्यासमा त लागेका छैनौं ? बजेट विनियोजन पछि यति धेरै आएका प्रतिकृयाहरु म जायज पनि ठान्दछु तर त्यतिबिघ्न पाहाडै खसेको म ठान्दिन। किनभने बजेट हाम्रो प्राथमिकतामा नै टेकेर आएकोछ। पूर्वाधार विकास प्रथम हाम्रो बिकासको आवश्यकता हो,कुनै क्रमिकरुपले कुनै नयाँ योजना बाट जनताहरुको यो ०७६/०७७ को वर्षलाई सफलिभूत गर्न विनियोजीत वजेट स्वागतयोग्य छ। बाटो,पानी,उर्जा मानवजीवनको मुख्य आधारहरु हो जसमा सिंचाईलाई प्राथमिकतामै पारेको छ। प्रस्तुत पुस्तीकामा प्रदेश सरकारका बिषयगत मन्त्रालयले तयार गरेका र कार्यक्रम तथा नेपाल सरकार बाट हस्तान्तरण भएका सशर्त अनुदानका कार्यक्रमहरु एकमुष्ट राखिएको छ। बजेट वा अर्थ हरेक मानव जीवनको अर्थसँग अर्थ राख्दछ। अब यसमा म कहाँ झल्किएँ भन्नुभन्दा वा कहाँ देखिएँ, कहा देखिनुपर्छ भन्नुभन्दा यो वर्ष कसले,कहाँ,कसरि बिकास बजेट योजना ल्याउँन सफल भए ति कार्यक्रमहरुलाई सफल गर्नेतिर अबको छलफल मोडिन सकोस भन्ने म सुरुमै सुभकामना पनि दिन चाहान्छु। माननीय सभामूखज्यू, गत वर्ष र यो आउने वर्षको वनियोजीत वजेट कति प्रतिशत खर्च भयो र अब कति गराउन सक्छौं, कसरि बैज्ञानिक र व्यबहारिक ढंगले हामी जनताका प्रतिनिधीहरु आफ्नो कर्तव्यमा लाग्न सकिन्छ? यो विषय आजको महत्वपूर्ण विषय हो जस्तो मलाई लागेको छ। प्रतिपक्ष दलका नेताजीहरुप्रति म अनुरोध गर्न चाहान्छु,हजुरहरुबाट आएको सुझाव ज्यादै राम्रो छ तर सुझावसँगै आएका वजेटका जनताप्रतिको उत्तरदायित्व र सकारात्मक

भावनाको कहिलेकाहिँ यसो उदार मनले प्रसंसा गर्दा असलमा हामी कुनै दल हुनुभन्दा पहिला मानव हुनुको बोध हुनसक्छ की! भन्ने म जिकिर पनि गर्न चाहान्छु। यो एउटा मेरो सुझाव पनि म यहाँहरुलाई भन्न चाहान्छु। ३२ अरब १३ करोड ४७ लाख ९२ हजारको यो बजेटलाई आवस्यकताको आधारमा बाँडियो भन्ने म विश्वास गर्छु तर यदाकदा केहि माननीयज्यूहरुले भन्नुभएजस्तै दलगत स्वार्थ र व्यक्तिवादी सोचले केहि त्रुटी भएको हो भने त्यो गलत प्रकृयालाई पुनः सच्याउन म पनि सरकारसमक्ष हार्दीक अनुरोध गर्न चाहान्छु। तर मलाई विश्वास छ त्यसो भएको पक्कै होईन मैले पेश गरेको ६ वटा वडाहरुको योजनामा जम्मा केही वडामा मात्र बजेट विनियोजन भएको छ तथापी म त्यसको श्रेय हामी सबै सम्बन्धित माननीय तथा जनप्रतिनिधीज्यूहरुलाई नै दिन चाहान्छु। र यसमा विशेष म धन्यवाद चाहिँ म माननीय आर्थीक मामीला मन्त्री किरण गुरुङ्गज्यू,मन्त्रालय र भौतिक पूर्वाधारका माननीय मन्त्रीज्यू साथै कर्मचारी र मन्त्रालयलाई पनि दिन चाहान्छु। म धेरै आशावादी छु माननीय सभामूखज्यू साउनबाट कार्यान्वयनमा जाने हाम्रा बजेटहरुले सबैको यो बर्षको आकांक्षा पुरा गर्न सकोस् र अर्को बर्ष यो बर्ष नपरेका बिकासका गन्तव्यहरुलाई प्राथमिकतामा हामीले पार्न सकौं। माननीय सभामूखज्यू, बिकासले जनतालाई समानता दिन सकेन भने त्यो हाम्रो राज्य वा प्रदेशको समस्या बन्न सक्छ। बिकास भौतिक संरचना निर्माण गर्नुमात्र होईन र हरेक सुन्दर चिज श्रमबाट नै शृजित हुन्छ तसर्थ हरेक मानवको श्रमको सम्मान पनि हामीले गर्न जान्नुपर्छ। श्रमबिना बिकास सम्भव नै छैन। अन्तमा भोको पेट पिच बाटोमा दौडन सक्दैन भन्ने कुरालाई यथार्थता हामीले महशूस गरौं,यतापनि सरकारको ध्यान जाओस् र समाजमा सकारात्मक परिवर्तन चाहानेहरुले यो कुरा बुझ्न जरुरी छ की ! आफ्नो कर्तव्यसँग वा अधिकारसँग अरुको पनि अधिकारलाई वा कर्तव्यलाई हामीले भूल्न भने कदापी हुँदैन। कारण नबुझि आफ्नो काम निकाल्नु स्वतः प्राकृतिक नियम विपरितको कुरा हो त्यसैले अन्तमा बजेट राम्रो छ यो जनताकै लागि आएको छ यसमा आफ्नोपनको अनभूती हामि सबैले

गरौं। कार्यबिधीलाई प्रभावकारी बनाएर सबै योजनाहरु सफल पार्नमा लागौं भन्ने भावनाहरुको साथमा मेरो स्वतः समर्थन रहेको अनुरोध गर्दै बिदा हुन्छु। हस त धन्यवाद !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री भागवत प्रकाश मल्ललाई  छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामूख महोदय, निर्वाचन भएर सरकार बनेको पनि करिब डेढ बर्ष भयो। सरकार बनेपछि हामीले नागरिकको सेवा अपेक्षाकृत काम गर्न सक्यौं या सकेनौं त्यो नागरिकको अनुभूती गर्ने कुरा हो। हाम्रो प्रयास सधैं सकारात्मक रहन्छ। मतदाताले मतदान गर्ने समयमा जुन अपेक्षा गरेका थिए सरकारले हालसम्म त्यो अपेक्षा पूर्ती गर्न सकेको छैन। सरकारको काम कारवाही प्रभावकारी बनाउने दायित्व हाम्रो पनि हो,त्यही सन्दर्भमा आज यस संसदको रोष्ट्रममा उभिएको छु र सरकारको काम जनमूखी बनाउने अभिप्रायले विनियोजित विधेयक २०७६ माथी छलफलमा क्रममा भौतिक पूर्वाधार मन्त्रालयसँग सम्बन्धित बिषयमा कुरा राख्न चाहान्छु। माननीय सभामूख महोदय,आर्थीक वर्ष ०७६/०७७ सालको घोषित बजेटमा गम्भिर त्रुटी भएको छ। छुट समायोजनमा सरकारले गरेको अनुरोध अनुसारको सहमती बनेपछि बजेट अगाडी बढेको र छलफलमा भएको छ। सरकारको नीति तथा कार्यक्रममा २ स्थानीय तह, २ जिल्ला ,२ प्रदेश र २ आर्थीक केन्द्र तथा वडा स्थानीय तहसम्म जोडने सडक प्राथमिकता दिईने भनेर भनिएको छ बजेट त्यसअनुसार व्यबहारमा नभएको छ र त्यस्तै सभामूख महोदय,प्रदेश सरकार बनेपछि आम नागरिकका आधारभूत आवश्यकता मध्ये खानेपानीको ब्यबस्था गरिनेछ भनेर भनियो तर हालसम्म खानेपानीको सर्वसाधारणको पहुँच पुऱ्याउन सरकारले बजेट विनियोजन गर्नसकेको छैन त्यसकारण त्यस्तो योजनाहरु छैनन। केही मात्रामा गरेको केही मात्रामा गरेको देखिए पनि त्यो प्रयाप्त होईन। आम कृषकले उपयोग गर्ने सिंचाई क्षेत्रलाई समेत

सिमित घेरामा राखेर सरकारले सिंचाईको नाममा के गर्न खोजेको हो? प्रश्न गर्न चाहान्छु र त्यस्तै सिंचाईको योजनालाई कृषकमूखी बनाउनुपर्दछ।त्यस्तै सभामूख महोदय,स्याङ्गजा जिल्ला निर्वाचन क्षेत्र २ को (ख) मा पर्ने सेतीबेनी देखि तल्लो भाग केलादीघाट सम्म पर्दछ।हाम्रो गण्डकी प्रदेशको पहिचानको रुपमा रहेको सेतीबेनी शिला संरक्षणमा सरकारले ध्यान दिन सकेन। सेतीबेनी शिला संरक्षणको पर्खाईमा छ।त्यस्तै धार्मिक शक्तीपिठकोरूपमा रहेको केलादीघाट मन्दिरको बिकास र संरक्षणलाई समेत प्रदेश सरकारले बिभेद गऱ्यो। माननीय सभामूख महोदय, यो सरकारले दुई वर्षभित्र अन्तर्गत आवश्यक भएका ठाउँमा झोलुङ्गपूल निर्माण गर्ने भन्यो तर यो स्याङ्गजा निर्वाचन क्षेत्र नम्बर २ को (२)मा प्रस्ताव गरेको एक ठाउँमा पनि झोलुङ्गेपूल चाहिँ राखेको छैन।त्यस्तै स्याङ्गजा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ को (२)मा दुईटा नगरपालिका,१ गाउँपालिका सडकमा क्रमागत बाहेक पनि एउटा सडक राखिएको छैन,यसमा गम्भिर आपत्ती जनाउन चाहान्छु।र यसमा एउटा चापाकोट,गल्याङ र कालीगण्डकी गाउँपालिका छ।यसमा क्रमागत योजनाहरु छन, म के अनुरोध गर्न चाहान्छु भने मन्त्रीजीको एउटा शिर उचो सरकारको अझै पनि अगाडी बढने लक्ष्य उचो हुन्छ भने यो दुईटा नगरपालिका र १ गाउँपालिकाको चाहिँ क्रमागतको सडकको योजना अन्तै सारेर यसलाई चाहिँ सम्बृद्ध प्रदेश बनाउन म सभामूख मार्फत अनुरोध गर्न चाहान्छु।त्यस्तै सबभन्दा यो स्याङ्गजा जिल्लाको सडक गल्याङ-चापाकोट सडक छ,हामीले हाम्रो सभ्यताकोरूपमा लिएको कालीगण्डकी किनार हुँदै गल्याङ-चापाकोट देखि पहाडको भित्रीमधेश कृषिको अथाह सम्भाबना भएको ७ वटा नगरपालिकालाई जोडने सडकमा सरकारले आवश्यकताअनुसार चासो दिनुपर्ने हो तर दिन सकेन।उक्तः सडकलाई कालोपत्रे गर्दिन मात्रै सकेको खण्डमा प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन सकिने थियो।त्यस्तै शालिग्राम करिडोर लोकमार्गले राम्दी, बाँसटारी,रानीघाट,सटुवा हुँदै रुद्रबेनी र देवघाट चापाकोटलाई दुईखण्डमा बिभाजन गरि निर्माण गर्ने भनिएको छ तर घोषणा हैन कार्यान्वयन आवश्यकता

भएकोले उक्तः योजना तत्काल अगाडी बढाउन अनुरोध गर्दछु र त्यस्तै माननीय सभामूख महोदय,क्रमागत सडक अन्तर्गत केही त्रुटीहरु देखिएका छन जस्तो क्रमसंख्या २२४५ मा राखिएको करादी-तिनदोबाटे- चितडाँडा-साङ्लीया सडक स्थानीय तहलाई दिईएको बजेट सोही सडक सशर्त अनुदानमा परेको र प्रदेशको योजनामा समावेश गरिएको देखिन्छ।उक्तः सडकको योजनालाई कि त प्रदेश कि त स्थानीय तहलाई दिएर निर्माण कार्य गराउन अनुरोध गर्दछु।त्यस्तै बजेटको क्रमसंख्या २५३९,२५४२ र २५४४ तिनदोवाटे-चिउरी-बेलाकोट-गल्याङ नगरपालिका ७ र ८ जोडने भन्ने एउटै झोलुङ्गेपूल योजना ३ ठाउँमा राखिएको छ उक्तः योजना सच्याई अगाडि बढाउन अनुरोध छ।भनिन्छ लोकतन्त्रमा पिछडिएको क्षेत्र र वर्गलाई बढी प्राथमिकता दिईन्छ तर बजेट पिछडिएको क्षेत्र र वर्गलाई होईन, सत्तापक्ष केन्द्रित देखिन्छ।जसअनुसार स्याङ्गजाको चापाकोट नगरपालिका वडा नम्बर ८ मा पर्ने रहेको कुमाल जातीको संग्रहालय पूर्वाधार निर्माण गर्ने तर्फ बजेटले माग अनुसारको संबोधन गरेन।१ निर्वचन क्षेत्र १ सडक पुरा गर्न ढिला भएको छ।सरकार पछि घोषणा गरिएको यो कार्यक्रम यो सरकार रहँदासम्म सुरु हुने हो की सम्पन्न?दोधार सिर्जना भएको छ।र त्यस्तै सभामूख महोदय,सरकारले हालसम्म पनि कर्मचारी व्यबस्थापन समायोजन गर्न सकेको छैन।कर्मचारीको ब्यवस्थापन बिना कार्यक्रमले पूर्वाधार विकास पुरा नहुने देखिन्छ।अन्तमा,माननीय सभामूख महोदय मार्फत म सरकारलाई के अनुरोध गर्न चाहान्छु भने हामी गम्भिर छौं,असल प्रतिपक्षको भूमिका निर्वाह गर्न चाहान्छौं, बजेटमा गम्भिर त्रुटी थियो तर छुट भएकालाई समायोजन गरेर पछाडी अगाडी बढने सत्तापक्ष अनुरोधलाई प्रतिपक्षले सकारात्मकरुपमा चाहिँ सरकारलाई सहयोग गरेका छौं सहयोग यो अर्थमा गऱ्यौं की प्रदेश सरकारले जुन द्रुतगतिमा काम गरोस भन्ने भाबना हो,तर कमजोरि नठानियोस्। जयनेपाल !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

मानननीय सभामूख महोदय, विनियोजीत बिधेयक २०७६ को भौतिक पूर्वाधार बिकास मन्त्रालय अन्तर्गत हामी छलफलमा गईरहेका छौं र म त्यही कुरालाई अगाडि बढाउन चाहान्छु र यो छलफल सुरु गर्नुभन्दा पहिले मैले एउटा केही टिप्पणीहरु गर्न चाहान्छु। मैले पञ्चायतकालमा सुनेको थिएँ र प्रत्यक्ष देखेको पनि थिएँ, बहुदल आएपछि पनि मैले सुनें र देखेको थिएँ। अर्थमन्त्रीज्यूले पढ्दाखेरि पेज फडकाएर पढेको कुरा मैले सुन्या थिएँ। अहिले हाम्रो गण्डकी प्रदेशको बजेट प्रस्तुत हुँदाखेरी अर्थमन्त्रीजीले ती छुटाउनुभएन तर हामीले रातोकिताब पढ्दाखेरी प्रणालीगतरुपमा त्रुटि भएर छुटेको कुरा यो हाम्रो प्रदेशको एउटा अनौठो बिषय बनेको छ। त्यतिमात्र हैन त्यही बिषयले भनेर हाम्रो प्रमुख प्रतिपक्षीदलका साथीहरुले अबरोध गर्ने अनि केके गर्ने भन्ने कुरा गरेर २ दिनसम्म पनि त्यो कुरा रोकिएको छ र पछि एउटा छुटपत्र जस्तो हामी यहाँ आएको छ र त्यही छुटपत्रले हाम्रो प्रतिपक्षको साह्रै चित्त बुझेर यो अबरोध हुनेहुने लाएकको यो सदन चाहिँ सञ्चालन भएको छ यो एउटा खुसीको कुरा बनेको छ र त्यो छुटपत्रमा यसो हामीले हेर्यौं र मैले हेर्यौं सत्तापक्षका मुख्य साथीहरुको,दलको र प्रतिपक्षका मुख्य बिशेष गरेर प्रतिपक्षी दलको एजेण्डा चाहीँ समावेश भयो होला र छुटेको समावेश भयो होला। त्यहाँ हामीले यसो हेर्‍यौं हाम्रा पनि थुप्रै छुट भएका त एजेण्डाहरु थिए। शायद त्यो राति बस्ने बैठकमा हामीलाई पनि बोलाएको भए हामीले पनि त्यो चोर दुलोबाट आउने छुटपत्रमा समावेश गरेर केही योजनाहरु जनताको लागि समावेश त गर्न सक्थ्यौं नि ! यो एउटा हाम्रो प्रदेशको अनौठो इतिहास बनेको छ। अर्कोतिर फेरी मह खाने कुरा पनि भएको छ हेर्नुस्। मलाई के लाग्छ भने मह काढ्नेले हात चाट्ने स्वभाबिकै हो चाट्नुस मलाई कुनैपनि आपत्ती छैन तर हात चाट्दाचाट्दै भाँडो रित्ताएर बा,आमा,छोरा,छोरी,नाति,नातीनाहरुलाई नदिने अबस्था सृजना नगर्नुस मेरो यही सुभकामना छ। हामी त्यसरि गर्‍यौं भने फेरी के हुन्छ त भने राम्रो हुंदैन,यही कुरा मैले यहाँ भन्न चाहें र विशेष गरेर भौतिक मन्त्रालयसँग सम्बन्धित योजनाहरुका सम्बन्धमा मैले केही कुराहरु भन्नुपर्दाखेरि विगतका हाम्रा कतिपय

४/५ वटा योजनाहरु स्वाँटठै काटेर, अहिले केही ४/५ वटा योजनाहरु थपेर करिब योजनाहरु प्रस्तुत भएका छन। मलाई लाग्छ महत्वपूर्ण र गौण भन्ने कुरा त्यो कटाउने बेला र थप्ने बेला ध्यान दिईएको छैन,त्यही पनि मैले पोहोरको यो अर्थ यो मन्त्रालयलाई धेरैजसो योजनाहरु प्रस्तावित भएर संबोधन भएको हुँदाखेरी मैले धन्यवाद दिएको थिएँ र अहिले पनि मैले धन्यवाद त दिनैपर्छ जस्तो लाग्छ।ती कुराहरु केही भएका छन तर पनि मैले यहाँ एउटा असन्तोष र एउटा अनौठो प्रश्न उठाउनपर्ने के अवस्था रहेको छ भने हाम्रो अब दशैं आउने बेला एउटा चलन छ,यहाँहरु कहाँतिर छ कि छैन?हाम्रोमा तिर एउटा के चलन छ त भने दशैंमा खसी खाने चलन छ अथवा दशैंमा राँगो काटेर खाने पनि चलन छ।काटनेबेलामा के गरिन्छ त भने त्यो खसी अथवा राँगो बऱ्याकबुरुक उफ्रन्छ कि भनेर एउटा हरियो घांस देखाएर तनक्क तानिन्छ र अर्कोले मार हानेर हानिन्छ मलाई लाग्छ यो विनियोजन बजेट त हामीलाई दिईयो तर त्यस्तै त्यस्तै भएको छ ल हेर्नुस।हामीले पूर्वाधारको कार्यक्रम भनेर विशेष क्षेत्रगत भनेर कार्यक्रम प्रस्तावित गऱ्यौं त्यहाँ २/१० भनेर हामीलाई हरियो घाँस फालियो, अनि अर्को जिल्लागत सडक भनेर हामीले त्यहाँ पनि बजेट फालियो तर अहिले हेर्नुस् त के भछ? मैले त्यहाँ भन्दा बढी भन्न चाहान्न।त्यो योजनाहरु कुन ठाउँमा पुगेका छन त ? म त मन्त्रालयतिर जाँदाखेरी कर्मचारीहरु त दाहीने कुमले नि देब्रे कुमले नि ठोकिने गरि जस्तो देख्छु, हैन त्यही कारणले हो त? यसकारण  के हो त भने यो सबभन्दा संबृद्धीको बाधक हो हामीले धेरैचोटी सदनमा के भनेका छौं त भने बजेटलाई असारे बजेट नबनाउँ भनेका थियौं यो हाम्रो सबभन्दा दुखदको बिषय बनेको छ के हामी त्यही हो? पैसा पऱ्यो भनेर एकातिर चित्त बुझाउँदै हिंडने अनि फेरी सप्पै नहुने भयो भनेर रुँदै हिंडने परिस्थितीले देशको संबृद्धि बनाउन दिंदैन, देशलाइ दुखान्त अवस्थामा सृजना गर्छ र यो कथा हामीले धेरै बोक्नुपर्ने अब स्थिती आयो हामीसँग।यो सबैभन्दा नराम्रो पक्ष बनेको छ जस्तो मलाई लाग्छ र अर्कोतिर मैले यहाँ केही विनियोजित बजेटहरुको सन्दर्भमा केही कुराहरु उठाउन चाहान्छु, अहिले पनि जिल्लागत र क्षेत्रगत

बजेटहरुको कुरा गरिएको छ।हामी बाग्लुङ्गका माननीयहरुको निर्वाचन क्षेत्रगत सडक त कुनै सौताजस्तो त हैन होला नी ! हैन कोहिलाई भने सात लाख सम्म सात करोडसम्म विनियोजन गर्ने ,हामीलाई भने ४ करोड मात्र विनियोजित गर्ने ? त्यो समान सडक भनेको? यस्तो किसिमको नहुन पर्ने हो जस्तो मलाई लाग्छ र त्यो किसिमको कुरा पनि हामीलाई अप्ठ्यारो परेको छ र अर्कोतिर मैले मन्त्रालयका केही बजेटहरुको सन्दर्भमा कुरा गरें। प्रदेश मन्त्रालय, प्रदेश सभाका भबनहरुको निर्माण यसको प्रतिवेदन बनाउने कुरा, डिपिआर गर्ने कुराहरु यहाँ उल्लेखित छ।मैले मुख्यमन्त्रीज्यूको मन्त्रालयगत हेर्दाखेरी पनि त्यहाँ डिपिआर गर्ने बजेट भनेर ५०/५० लाख बजेट छुट्टिएको छ भने यहाँ डेढकरोड बजेट पनि फेरि उही प्रतिबेदन तयार पार्न उही डिपिआर गर्न भनेर यसरि किन डुप्लिकेशन गरेर बजेट छुट्टयाईन्छ?मलाई लाग्छ डिपिआर गर्ने बजेट वास्तबमा थोरै हुनुपर्ने हो।हैन निर्माण गर्ने भन्दा धेरै बजेट यो भएको छ त्यसले गर्दाखेरि मलाई लाग्छ यो बजेट सन्दर्भमा पनि छुट्टिन आवश्यक मूल्याङ्कन हुन आवश्यक छ र अर्कोतिर जुन प्याकेजहरुमा बजेटहरु रहेका छन र मन्त्रालयसँग हामीले केही समझदारिहरु पनि बिगतमा हामीले गरेका हौं।कतिपय बिस्तार गर्ने जिल्लाहरु,कतिपय माईक्रोहाईड्रो सञ्चालन गर्ने जिल्लाहरु मलाई लाग्छ त्यो चिजहरु पनि हाम्रो समझदारि अनुसार त हाम्रो करिब करिब त समस्या कुन हो कुन ठाउँ हो भन्ने छुट्टिएको हो नि त ! त्यति ठाऊँमा तत् तत् पालिकहरुका वाडहरुमा हामीले किन रकम विनियोजन छुट्ट्याउन सकेनौं र किन अबण्डामा राख्यौं?मलाई लाग्छ यो अबण्डा राखे पनि आगामी दिनमा यसलाई धेरै पारदर्शि प्रकारले हिजोको समझदारिका समस्याका पहिचानका आधारमा बजेट विनियोजन गरियोस्।यही कुरा व्यक्त गर्न चाहान्छु र यति भन्दै म आफ्नो भनाई यहिँ टुङ्ग्याउँछु। धन्यवाद !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामूखज्यू, आज हामी २०७६ सालको विनियोजित बिधेयकमाथि भौतिक पूर्वाधार बिकास मन्त्रालय सम्बन्धिको छलफलमा छौं।सर्वप्रथम त यति दूःख र मेहनतको साथमा सबै भूगोल हेरि अनि कुन ठाउँमा के कतिको आवश्यक छ भनि माननीयज्यूहरुको योजनालाई मध्येनजर गरि बजेट बाँडफाँड गर्नुभएको छ गर्नूभएकोमा भौतिक पूर्वाधार बिकास मन्त्रालयका मन्त्रीज्यू त्यससम्बन्धी कर्मचारीज्यूहरु र सम्पूर्ण मन्त्रीज्यूहरुमा हरुलाई धन्यवाद दिंदै म र मेरो दलको तर्फबाट समर्थन गर्न चाहान्छु।सबै माननीयज्यूहरुले भन्ने गर्नुभएको छ,धेरै बजेट त नवलपुर जिल्लामा गएको छ, खुसी छ, खुसी लाग्छ।यो भएको कुरा हो किनभने यो जिल्ला पछाडि परेको जिल्ला हो र पुर्वमा ३ नम्बर प्रदेशसँग जोडिएको छ र पश्चिममा ५ नम्बर प्रदेशसँग जोडिएको छ र त्यसमा पनि बिनयत्रीवेणी गाउँपालिकाका केही वडाहरु भारतको नाकासँग जोडिएको छ।नवलपुर जिल्ला पूर्वाधार बिकासको लागि धेरै पछाडी परेको छ।त्यसमा पनि बिनयत्रीवेणी सुस्ताका जनताहरु आफ्नो गाउँपालिकाको कार्यालय आउन ३ घण्टा लगाएर आउन पर्नेछ।प्रदेश आउन त झनै ६/७ घण्टा लगाएर ५ नम्बर प्रदेश हुँदै आउँनुपर्छ।त्यस्तो ठाउँमा बजेट धेरै लाग्ने स्वभाबिकै कुरा हो र त्यतिमात्र नभै सिंचाईतर्फ र खानेपानीतर्फ पनि हेर्ने हो भने अति नै आवश्यक छ। माननीय सभामूखज्यू, कास्की जिल्ला लगायत अरु जिल्लाहरुमा हेर्दा मलाई के लाग्योभने बिभिन्न ताल तलैया बिभिन्न धर्म अनुसारका मठमन्दिर र गुम्बाहरु, पाटीपौवा, बिभिन्न जातजातीका सङग्रहालयहरु र समुदाय अनसारका भबनहरुका लागि थोरै धेरै बजेट छुट्टिएको छ र नवलपुर जिल्लामा हेर्दा त्यो सम्बन्धि कमै बजेट भएको जस्तो लाग्दछ र मैले पनि मठमन्दिरको र महिला भबनहरु साथै दलित भबनहरुको लागि योजना पेश गरेको थिएँ त्यो प्रति केही बजेट छुट्टिनै बाँकि हो की ! भएर पनि मैले नदेखेको होकी ! त्यो बुझ्न सकिन।मध्यबिन्दू नगरपालिकामा दलीत भबन नभएर मिटिङ्ग वा गोष्ठी बस्न परेपनि कि कसैको भवन भाडामा लिएर कि रुखमुनी चौरमा बस्नुपर्ने बाध्य रहेको छ,त्यसको लागि मिल्छ भने सम्बन्धित मन्त्रालयको

ध्यान जाओस भन्न चाहान्छु। माननीय सभामूखज्यू, नवलपुर जिल्लामा बसोबास गरेका आधा भन्दा धैरै जनताहरु सुकुम्वासी जग्गामा अवस्थित छन र त्यस सुकुम्बासी समस्या समाधनका लागि केही बजेट छुट्टिएको जस्तो मलाई लागेन। मैले पनि धेरै योजना लागेन र मैले पनि धेरै योजनाहरु पेश गरेकी थिएँ, त्यसमा कति परेछ र कति पर्नै बाँकी हो र जुन म आफै बसोबास गरेको वार्ड चाहीं शून्यमा रहेको छ र त्यसमा केही मन्त्रालय बाट बास्केटमा राखिएको बजेट मध्येमा केही बजेट पर्छ की भन्ने आशा राख्दै अन्तमा यो बजेट योजना त्यति मेहनतका साथ विनियोजन गर्नुभएको छ त्यसको लागि फेरि पनि सम्बन्धित मन्त्रालयहरुलाई र कर्मचारीहरुलाई र मन्त्रीज्यूहरुलाइ हार्दीक धन्यवाद दिँदै म र मेरो दलको समर्थन जनाउँदै मेरो भनाई यहिँ अन्त्य गर्छु। हस त धन्यवाद ! नमस्कार !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री मन बहादुर गुरुङ्ग लाई छलफलमा भाग लिन समय दिन्छु ।
माननीय सदस्य मन बहादुर गुरुङ्ग। माननीय सदस्य मन बहादुर गुरुङ्ग।

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने लाई छलफलमा भाग लिन समय दिन्छु
।

माननीय सभामूख महोदय,यस गण्डकी प्रदेशलाई सुन्दर गण्डकी प्रदेश, राम्रो गण्डकी प्रदेश अनि विकसित गण्डकी प्रदेश बनाउने सन्दर्भमा हामी आज आर्थीक बर्ष २०७६/०७७ को बजेट आर्थीक मामिला तथा योजना माननीय आर्थीक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेटमाथी छलफल गर्दैछौं। बजेट आको छ स्वभाबिक प्रकृया बाट आकोछ। यहाँ कहींकतै त्रुटि पनि फेला परे,कहिँ करेक्शन हुने काम पनि भाकोछ। जे जसरि आको भएपनि हाम्रो विश्वास मेरो विश्वास के हो भने यो बजेटले गण्डकी प्रदेशको भाग्य कोरिनुपर्छ,यहाँका जनताको जुन विश्वास हो प्रदेश सरकार प्रति संघीयताप्रति त्यो विश्वास तोडिन हुँदैन भन्ने हो। व्यक्ति जोसुकै हुनसक्छ दल जो सुकै हुनसक्छ,लक्ष्य मैले बारम्बार भनेको छु,लक्ष्य एउटै हो

हाम्रो।जसरि हुन्छ सुन्दर गण्डकी प्रदेश बनाउने।यहाँ माननीयज्यूहरुले धेरै कुरा ल्याउनुभकोछ,मलाई पनि कहिँ कतै लाग्यो कुरा सुन्दा ! कति माननीयज्यूहरु रातभरि पढनुभो,हेर्नुभो तर योजना प्राप्त भएन।साँच्ची नै त्यो परिस्थिति हो भने दूखदायी परिस्थिति हो।हामीले काम गर्ने क्रममा समग्र बिकास गर्ने कुरोलाई यो र त्यो होईन तँ र म होईन हामीमा सिमित हुन जरुरी छ।मेरो होईन हाम्रो प्रदेशको भाबनाले अगाडी बढ्न जरुरी छ,म त्यता अनुरोध गर्न चाहान्छु।बजेट आकोछ परेकोछ कहिँ न कहीं यही प्रदेश भित्रै हो ।अघिल्लो वर्ष पनि बजेट आयो दंग पऱ्यौं अघि माननीयजीले भन्नुभो,बजेट आएपछि दंग परियो।सत्तापक्षसँगै अल्लि नजिक हुनुहुने माननीयजी बाटै कुरो आयो हरियो घाँस देखाउने काम। बजेट पऱ्यो हामीले पनि कल्पना गऱ्यौं अब चाहि म आफै नवलपुरको भाको हुँदा यसले नवलपुर साह्रै राम्रो हुन्छ भन्ने लाग्यो। बजेट परेर मात्रै हुंदैन कार्यान्वयनको पक्ष खै त ! अहिले पनि कार्यान्वयनको भरपर्दो आधार भन्या के हो भन्ने कुरोमा अझै पनि शंका छ।हामी काम कसरी गर्दैछौं, हाम्रा बजेट कार्यान्वयन कसरी हुन्छ भन्ने कुरा चाहीं महत्वपूर्ण हो। हामीले हेऱ्यौं,प्रदेशस्तरीय बाटोलाई हेऱ्यौं,दंग पर्यौं अहिले त्यहाँका जनताले हामि हाम्रो क्षेत्र बाट जित्ने माननीय पनि झुठो बोल्दोरैछ र त्यो रातो किताबमा प्रकाशन गर्ने सरकार पनि झुठो बोल्दोरैछ, काम चाहिं नहुँदोरैछ भनेर भन्न थालेका छन अर्थात यो चिन्ता सरकारले काम गरेन होईन,जनताको बिश्वास टुट्छ कि भन्ने महत्वपूर्ण कुरा हो त्यसैले त्यो जनताको बिश्वास टुट्न नदिनको लागि, संघीयता प्रति जनताले जुनरुपले हेरेको छ,प्रदेशलाई जुन हिसाबले हेरेको छ प्रदेशसभालाई र यहाँको सरकारलाई,त्यो विश्वास टुट्न नदिनका लागि कार्यान्वयन पक्ष दरिलो हुनपर्छ भन्ने मलाई लाग्छ।गण्डकी प्रदेशभित्र ४ वटा स्थान जो हामीले नमूना बनाउने भन्यौं जस अन्तर्गत नवलपुर पनि एउटा भाग्यमानी हो हुप्सेकोट पऱ्यो, साबिक हुप्सेकोट गाउँपालिका गा.बि.स.। अनुगमन कसले गर्ने थाहा छैन,त्यहाँ काम केभाछ त्यो क्षेत्रबाट निर्वाचित म प्रदेश सभाको सदस्य,मलाई थाहा छैन।कसले गएर गर्ने हो कहाँ गर्ने हो कर्मचारीले गर्ने भन्छन त्यहाँका जनताहरु !

१ करोड रकम पऱ्यो एउटा सपना देखे त्यहाँका जनताले ओहो! अब यो हुप्सेकोट त सबै हिसाबले सम्पन्न हुने भो भनेर,नमूना बनाउने कुरा भो।मैले सुनिराछु त्यहाँ काम भाकोछ, एउटा सामुदायिक भबन बनाउने काम भाछ। हामीले रातो किताबमा राख्दा आर्थिक,सामाजिक लगायतका बिकास गर्ने भन्यौं, त्यहाँका जनताहरु पनि त्यही किसिमले आशावादी भए। त्यो बजेटले १ करोडको काम एउटा सामुदायिक भबन बनाउने भन्याछ त्यसले कति आर्थिक राजनैतिक, सामाजिक कति बिकास हुनेहो त्यो हुप्सेकोटको ! मलाई थाहा छैन त्यसैले मैले भन्न खोजेको के हो त भन्दा एक त बजेट कार्यान्वयनमै शंका छ,हामीले अघिल्लो बर्षले। यसको मतलब अहिले पनि त्यही होस होइन,मैले के भन्न खोजिराकोछु भने कम्तिमा पनि कार्यान्वयन गर्ने पाटो बलियो होस र अर्को कुरा के हो त भन्दा अनुगमनै छैन, होला मैले कर्मचारी साथीहरुलाई अत्यन्त सम्मान गर्छु म सम्मान गर्छु वहाँहरुलाई ,वहाँहरुले गरेको काम प्रति मैले अविश्वास कहिल्यै पनि गर्ने गऱ्या छैन मेरो राजनितिक लामो लामै भो मेरो राजनितिक जिवन! मैले जहिले नि सम्मान गर्छु तर जुन हिसाबले काम भाकोछ प्रदेश सरकारले गरेको भन्ने भाको छैन।कर्मचारी साथीहरु आउनुभाथ्यो, हिजो कर्मचारी साथीहरुले जे गर्नुभाथ्यो वहाँहरुले गर्नुभाछ हिजो स्थानीय तह नहुँदा जननिर्वाचित प्रतिनिधी, अहिले नि जनतालाई त्यहि छ कर्मचारी गाको छ काम गरेर फर्केको छ, अँ कर्मचारीले गरेको भन्ने भाकोछ।मलाई थाहा छैन, मेरो आफ्नै क्षेत्रमा कति। त्यो अनुगमन गर्ने भरपर्दो अनुगमनकर्ता त्यो क्षेत्रको त्यो प्रदेशको माननीय हुन्छ की हुँदैन ? हामीले अबको कार्यबिधी बनाउँदा त्यतातिर ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ।बजेट परेको छ परेको बजेटको लागि म धन्यवाद दिन चाहान्छु, त्यसो हुँदाहुँदै पनि केही महत्वपूर्ण योजनाहरु छुटेका छन।हामी खानेपानी वर्ष पनि भनेका छौं,यहाँ समस्या कस्तो भो भन्दा मैले आफुले टिपाएको मध्येमा नि एक दुइ पर्ने अनि बिचमा छुट्ने फेरी तल पर्ने हुँदा त्यो प्राथमिकताआधारमा जस्तै कोलुवाखानेपानी योजना भन्याछ त्यो माथिको नि पऱ्यो तलतिर नि पऱ्यो बिचको छुटयाछ अब त्यहाँका जनतालाई यो

कोलुवाखानेपानी नभएनि हुँदोरैछ की भन्ने परिराछ। त्यस्तै खानेपानीका केही त्यस्तै अत्यन्तै महत्वपूर्ण ठाउँ छुट्याछ,हामी हुप्सेकोटलाई साँच्चै नै नमूना बनाउने भन्याछौं, त्यहाँको बाटोको योजना मैले प्रस्तुत दिएको थिएँ, बुझाएको थिएँ त्यहाँको खानेपानी पनि मैले हुप्सेकोटको भनेको थिएँ अब त्यो अघिल्लो १ करोडले त एउटा सानो सामुदायिक भबन बनेर त्यहाँको राजनितिक, सामाजिक जीवन अत्यन्त माथि आइसक्याछ,अबको १ करोडले के हुने हो थाहा छैन,त्यसैले त्यहाँका बाटाघाटा र खानेपानीलाई पनि प्रार्थमिकता पाओस् भनेर मैले ईंगित गऱ्या थिएँ, त्यो चाहिँ नपरेको अबस्था छ।त्यस्तै पक्की पूल यसपटक मेरो क्षेत्रमा त्यो सबै सम्पन्न भाको रिपोर्ट आयो कि के भो थाहा छैन, यो पक्की पूलले चाहिँ बाटो बिराएछ की भन्ने लाग्यो अथवा त्यो टाईप गर्दैगर्दा कहिँ छुटेको हो कि भन्ने मलाई लाग्या छ,त्यो पक्की पूलले ठ्याक्कै मेरो क्षेत्रमा चाहिँ छोएन, अर्कै बाटो कताबाट फुत्क्यो,फुत्केको म आफुले चाहिं त्यो मेसै पाइन।त्यसैले पक्की पूल एउटा पनि नपरेको अवस्था छ र पक्की पूल त्यही अबस्था भो।सिंचाईको एउटा मलाई लागेको कुरा के छ भने क्रमसंख्या २९२५ देखि २९९४ सम्म नदी नियन्त्रण सम्बन्धी कार्य भन्याछ र कार्य गर्ने निकाय चाहिं के भन्याछ भन्दा सिंचाई डिभिजन कार्यालय बर्दघाट भन्याछ ।अब मैले नबुझ्या हुनसक्छ है त्यो ! अहिले पनि त्यही ५ नम्बर प्रदेश बाट हाम्रो काम हुने हो या त्यो गल्तीले त्यसो भाको हो यो बारेमा पनि मैले हेर्नलाई चाहिं अनुरोध गर्दछु अब त्यस्तै गरेर अघि माननीय लक्ष्मी सुनारजीले एउटा कुरा ल्याउनुभाछ,बिषय प्रसंग अलिकिति फरक भएपनि वहाँले जोड्याहुँदा मैले अलिकिति थोरै ईंकित गर्न खोजें,यसपटक यो नवलपुरका मठमन्दिर, गुम्बा,चर्च लगायतकाले खासै मेसो पाउँनै पाएनछन भन्ने लाग्याछ मलाई।त्यो कहाँ कताबाट चाहिं त्यो अलमल भाको हो एउटा पनि मलाइ लाग्छ नवलपुरमा त्यता भाछैन, त्यो स्वाट्टै ठूलो बजेट राखेर पछि दिने होकि! भन्ने विश्वास चाहिँ मलाई लागिराछ त्यतातिर ।हामी ताल संरक्षण भनेर विधेयक ल्यायौं म अलिकति प्रकृतिप्रेमी पनि मान्छे! कल्पना गरें हाम्रा ति तालहरु अब संरक्षित हुने भए कलकल पानी बग्ने भए पार्क

हुनिभो भनेर त्यो पनि कहाँ कताकता अलमलिएको हो कि! मैले हेरें, मैले पहिला चस्मा नलाईकन हेरें, चस्मा नलाएर हेर्दा कतै नदेख्या हो कि भनेर फेरि चस्मा लाएर हेर्दापनि कहिं कतै त्यस्तो चाहिं फेला परेन,त्यो पनि टाईप गर्दा कहिं छुटेको होभने त्यसलाई पनि करेक्शन गर्न म हार्दीक अनुरोध गर्दछु।यहाँ कुराहरु आकाछ्न,प्रतिपक्षका केही रोदन भन्ने कुराहरु पनि सुनिए हिजो।मलाई लाग्छ,प्रतिपक्षको रोदन चाहिँ होइन, प्रतिपक्षको सहयोग हो भन्ने मलाई लाग्छ।जहिलेपनि प्रतिपक्ष सहयोग गर्न सरकारलाई सहयोग गर्न तत्पर छ,कहिलेकाहिँ सहयोग लिन पनि जान्नपर्छ भन्ने कुरा हुन्छ दिन मात्र होईन लिन पनि जान्नपर्ने हुन्छ भन्ने छ। मह काढ्नेले हात चाट्ने कुरोसित मैले ठुलो कुरो मानिन,मह काढ्नेले हात चाट्छ,चाट्नुपर्छ।समस्या कहाँनेर आयो भन्दा त्यो मह माहुरीले टोक्दाखेरिको पिडा कसले बुझ्ने भन्ने कुरा आयो, मेरो अनुरोध छ त्यो पिडाबाट वच्नको लागि अहिले नयाँनयाँ प्रबिधी आकोछ,नयाँ प्रबिधी अपनाउने काम गरियो भने टोक्दैन।अहिले चाहिँ त्यो पुरै जालीवाला कपडा हुन्छ,त्यो लाएर मौरी काढ्न गयो भने टोक्दैन, त्यो टोकाईको पिडा भोग्नुपर्दैन अर्थात त्यो जाली भनेको प्रतिपक्ष हो, जहिलेपनि त्यो प्रतिपक्ष यहाँहरुको साथमा भयो भने त्यो टोकाईको पिडा नहुने कुरा व्यक्त गर्दै विदा हुन्छु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री दिपक थापा लाई छलफलमा भाग लिन समय दिन्छु ।

सभामूख महोदयज्यू, हामी २०७६/०७७ सालको विनियोजित बजेटको कार्यान्वयनको पक्षमा हामी छलफल साथै हामी कार्यान्वयनमा हामी गै राखेका छौं।यसैले यो बजेट सरकारले जसरि मेहनतका साथ ल्याएकोछ र यो बजेट महत्वकांक्षी भन्दा पनि समयसान्दर्भिक र अहिलेको आबस्यकताको आधारले चाहिं ल्याएको चाहिं छ।यसैले यो बजेटप्रति समग्र प्रदेशका क्षेत्रहरुलाई कति समेटन सक्यो सकेन, त्यहां कहिँ कमी कमजोरी नै भएको भएपनि शायद मूख्यमन्त्री तथा यहाँ सम्बन्धित मन्त्रीज्यूहरुले पनि यसको चाहिँ आफ्नो क्षमायाचना पनि मागेको छ

र दिएको छ त्यसैले सबैभन्दा यो बजेट ल्याएकोमा सबैलाई मैले यहाँ मन्त्रीज्यू अथवा यसलाई चाहिँ धन्यवाद टक्र्याउन चाहान्छु र मलाई लागेको यो मात्रै हो कि ! जुन कि हामले यो बजेट विनियोजित गर्ने एउटा चाहिँ छनोटको प्रकृयामा रहँदाखेरी जुन यो भन्दा अगाडी कहिँ यो एउटा प्रस्तावको क्रममा रहँदा माननीयज्यूहरुसँग पनि सम्बन्धित मन्त्रीज्यूहरुले मन्त्रालयले यसको चाहिँ छलफलमा अथवा त्यसको चाहिँ  प्रस्तावमा सुझाव सल्लाहहरु राखिनेछ भन्ने कुरा राख्नुभएको थियो। शायद म मात्रै छुट्या हो कि अब सबै माननीय यो त मैले मेसो पाईन।त्यसैले हुनसक्छ त्यही भएको हुनाले कहिँ, कहिँ सानोतिनो कमि कमजोरि,त्रुटी त्यहिँनिर भएको हो की जस्तो मलाई लाग्छ र यसरि हुँदाखेरी यो बजेट जे जति छ समग्ररुपले यो जे विनियोजीत गरेको छ, यो ठिक छ ठिक ठाउँमा गएको छ र कहिँकहिँ यसको चाहिँ कमजोरीहरु, कहिँ चाहिँ यसको त्रुटीहरु, कहँ चाहिँ यसको चाहीँ त्यहाँ समेटन सक्या छैन भने निश्चित रुपले मैले अब सुझावको हिसाबले नै यसलाई सच्याउने र त्यसलाई चाहिँ कहिँ छ भने पनि यसलाई सच्याउनको लागि पनि मैले अनुरोध गरें र यहि राखिरहँदा मैले पनि मेरो जुन निर्वाचन क्षेत्र स्याङ्गजा १ को १ क्षेत्रमा पनि बजेट थोरै जे जतिछ आँफूले जे राखेको छ, त्यो परेको छ ठिक छ जुन कि यहाँ आएको छ।यहाँहरुलाई जुन मन्त्रीहरुलाई म यसलाई धन्यवाद टक्र्याउन चाहान्छु तर कहिँकहिँ त्यो जुन आवस्यकता र प्राथमिकताकोक्रममा राख्ने बजेटहरुमा केही चाहिँ त्यहाँ छुट्नु या अदलबदल हुन गएको चाहिँ देखियाछ।अब यो कसरि रह्यो के भो? हुन त त्यो प्रस्तावहरु त गएकै थियो होला र यो राख्दाखेरि त्यो खालको बनेको नि होला तर यहाँ एउटा चाहिँ सिधासिधा राख्नुपर्दा जुन कि राङखोलाबाट बिरुवा जाने बाटो त्यो एउटा स्याङ्जाको पूर्वी दक्षिण बाटोको एउटा चाहिं ठुलो नाका हो,जसले त्यसले तनहुँ,जसले यता चाहिँ पाल्पा र हरिनास र तपाईंको चापाकोट त्यसले चाहिँ पुरै एउटा छुनेभाको र झण्डैझण्डै त्यो बाटो बाट दिनको ३०/३५ वटा गाडीहरु दैनिक चाहिं चल्ने गर्छ र मान्छेहरु त्यहाँ हजारौं मान्छेहरु आवतजावत गर्ने गरिन्छ र सबै

मन्त्रीहरु पनि जानुभकोछ सबै त्यो ठाउँ देख्नुभाकोछ र हाम्रो भौतिक मन्त्री पनि शायद त्यो बाटोलाई राम्रैखालको चाहिँ शायद सुन्नपाउनुहुनेछ भन्ने एउटा कार्यक्रममा बोल्नुभएकोछ, बोल्नुभएको थियो तर त्यो बाटोमा राङखोला बिरुवा खण्ड भनेर अब खण्ड भनेर एक करोड त राखेको छ तर त्यसले त्यल्लाई समेटन सकिन्न त्यसकारणले त्यो जुन कि बाटो त्यस्तोखालको छ कि! त्यसले चाहिं अलि त्यसलाई चाहिँ ध्यान जाओस र यो चाहिँ रहोस मैले यो चाहिँ राख्न चाहें र यसरी नै अर्को चाहीँ पुतलीबजार स्याङ्जाको वडा नम्बर २ मा स्याङ्जा हुदिकोट राङभाङ ज्यामीरे भनेर जुन बाटो चाहिँ दिएको थियो र त्यो बाटो अत्याधिक आवश्यक छ कि त्यो बाटो चाहिँ स्याङ्जा बाटमाथी सिधै चाहिँ गाडीमा अथवा मोटरसाईकलमा गयो भने त्यही १५ देखि २० मिनेटमा पगिन्छ र यताबाट घुमेर जाँदाखेरि करिब एउटालाई चाहिँ १ घण्टाको हाराहारी लाग्ने हुन्छ र त्यो बाटो साह्रै नै त्यो गाह्रो कष्ट छ र त्यसको चाहिँ डिपिआर सहित सबै गरेर यहाँ बुझाएको पनि छ साथिहरुले र त्यो कुरा मैले पनि राखेको थियो र त्यो बाटो नपरिकन स्याङ्गजाको बसपार्क-आर्थर भन्नेमा त्यहाँ ५० लाख रुपैया चाहिँ विनियोजित गरिएको छ। त्यो खालको चाहिँ त्यो भयो,र त्यहाँका वडाध्यक्षसँग म यहाँ बाट जुन कि सिलिङ्गमा परेर बजेट परिसकेपछि अनि वडाध्यक्षको १ को वडाध्यक्षले मलाई फोन गर्नुभो र यो के भो दाजु भनेर भन्नुभो र त्यहा गएर छलफल गर्दा यहाँ त आवश्यक त्यति होइन जम्मा चाहिँ म वडाध्यक्षको नाताले म यो १ नम्बरको वडाध्यक्ष हुँ मलाई चाहिँ २ लाख रुपैयाँ माग्या हो तर ५० लाख रुपैयाँ चाहिँ आयो र यो सबै एउटा खालको चाहिँ बनेको छ कहिँ कता मात्रै हो  र हाम्ले त त्यो २ नम्बर वार्डलाई त त्यो कुरा गऱ्याथ्यो यो के भयो? त्यो खालको चाहिँ रह्‍यो। त्यसकारणले त्यसको पनि मैले करिब यहाँ यो कुरा राखें। यसरि कहिँ पर्ने योजनाहरु कहिँ चाहिँ नपर्ने र कहिँ चाहिँ त्यो अलि भैसकेकोहरुमा यो रहेको छ ।त्यसकारणले यो बजेटहरु त्यस्तोखालको चाहिँ जुन बनेको छ यसमा पनि के हो एउटा छलफलबाट, बहसबाट अब यो मिल्ने, नमिल्ने के हो ? यो राख्ने कुरा मैले राखें र त्यो दुइटै वडाअध्यक्षहरुलाई १

नम्बरको वडाध्यक्ष पनि र २ नम्बरको वडाध्यक्षसँग  कुरा गर्दाखेरि यो चाहिँ मिलाउन छ मिलाईदिनपर्छ र हामि ठिक छ २ नम्बर १ नम्बरको त्यो चाहिँ उसले कामहरु गर्दै जाला तर त्यो चाहिँ पचासै लाख रुपैयाँ त्यहाँ चाहिँ लगदैन भन्ने खालको यसरि रहेको छ यसरि रहने क्रममा यो बजेटहरु जुन यसरि रहँदाखेरि मैले अघि भने जस्तै कतै हामी अहिले यसको चाहिँ छलफल, बहसहरु जुन कि एउटा अहिले चाहिँ पूर्वतयारी हाम्ले गर्न सकेनौं कि!  र त्यसकारणले मेरो सुझाव यो पूर्वतयारीको निम्ति मैले अनुरोध गर्न चाहें र यसरी नै यो प्रदेशले जुन कि यो सरकारले प्रदेश सरकारले मलाई एउटा लाको जुन कि प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र प्रदेश भबन, प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रमुख पदाधिकारीको आवास निर्माण सरकारले सबऔभन्दा ठुलो रकम विनियोजन गरिएको छ करिब १ अरब ७० करोड भनेर राखिएको छ, यो राम्रो कुरा हो यो धेरै धेरै धन्यवाद छ ठिक छ तर मलाई लागेको के हो भने यहाँ करिब चाहिँ माननीयहरु पनि अब एउटा डेरा डण्डा गर्न अलि गाह्रो गाह्रो भएको हुनाले कतै यो पनि यहाँ समावेश गरिदिएको भए यो एकिकृत एउटा योजना आईदिएको भए यसले पनि त्यो सम्बन्ध ठिक हुन्थ्यो कि ! त्यसकारण यो छुट्टयाएको वा हो कि यो चाहीँ हाम्ले पछि चाहीँ बजेट नपुगेर पछि राखेको हो कि त्यसकारण मेरो अनुरोध यो पनि सच्याउनका लागि अब त्यो खालको रहेको भए यसमा चाहिँ त्यो राखेको भए आवास यदि मैले नबुझेर हो कि हैन? सांसद माननीयहरुको निम्ति त्यो आवासको निम्ति चाहिँ त्यहिँ राखेको भए एउटा चाहिँ एउटा एकिकृत योजना राखेको भए ठिकै हुन्थ्यो कि! जस्तो मलाई लागेको।होईन मैले नबुझ्न पनि सक्छ त्यो मैले त्यो कतै म भ्रम पनि हुनसक्छ र यहि कुरा राख्दै जुन यो बजेट जुन विनियोजन गरेको छ यसमा मेरो पार्टी र स्वयं म आफैं यसले चाहिँ हाम्ले एउटा सहयोग साथ अगाडी बढाउन र जे चाहिँ हाम्रो संघ सरकारले र हाम्रो चाहिं प्रदेशले जुन कि सम्बृद्धी नेपाल र एउटा सुखी नेपालीको चाहना छ र हामी शान्ती सभ्यताको एउटा उसमा जान चाहेको छौं

यसको चाहिँ सफल रहोस।यही कुरा राख्दै म यहाँ बाट बिच बाट बिदा हुन चाहान्छु।हस त धन्यवाद !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री सावित्रा राना लाई छलफलमा भाग लिन समय दिन्छु ।

सभामूख महोदय,२०७६ को विनियोजन विधेयक आर्थिक वर्ष २०७६/७७ को बार्षिक बिकास कार्यक्रम अन्तर्गत बिषयगत मन्त्रालयको छलफलको सन्दर्भमा भौतिक मन्त्रालयको पुर्वाधार बिकास मन्त्रालयबाट विनियोजित बजेटको छलफलको क्रममा उपस्थित छौं।सर्वप्रथम अत्यन्त मेहेनतका साथ बजेट विनियोजन गर्नुभएकोमा मन्त्रीज्यू र मन्त्रालयको टिमलाई टिमप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु।हाम्रा चाहानाहरु पबित्र छन,सरकारका उद्धेश्यहरु महान छन,जनताको घरदैलोमा सरकार पुग्नुपर्छ,बिकासका योजनाले सबै गाउँवस्तीहरु समेटिनुपर्छ।हामीले बुझेका छौं सरकारको आफ्नै वाध्यता छ।बजेटको सिमितता छ।सिमित बजेटलाई पनि कुशलतापुर्वक,बैज्ञानिक ढंगले विनियोजन भएको छ।कुल बजटको ४९.६४ पर्सेण्ट बजेट विनियोजन यस मन्त्रालयबाट भएको छ।कुल बजेटको झण्डै ५० पर्सेण्ट विनियोजन हुँदा पनि मन्त्रालयको कार्यक्षेत्र विशाल भएकाले उक्तः बजेट पनि अपर्याप्त रहेको कुरा माननीयज्यूहरुको छलफलको आसयबाट बुझ्न सकिन्छ।यसो हुँदा पनि वजेट विनियोजनका पक्षहरु राम्रा छन। ११ वटै जिल्ला ३६ वटा निर्वाचन क्षेत्र अपवादमा बाहेक सबै पालिकामा बजेट पुग्ने गरि वजेट विनियोजन भएको छ,बजेटलाई नियाल्दा यस्तो पाउँन सकिन्छ।मन्त्रालयले मूलभूतरुपमा सडक,खानेपानी,बिजुली,सिंचाई,मोटरेवल पुल,झोलुङ्गेपुल,भबन निर्माणमा बजेट विनियोजन गरेको देखिन्छ। सरकारको नीति,कार्यक्रम र बजेट वक्तव्यलाई आधार बनाएर बजेट विनियोजन भएको देखिन्छ। सरकारको नीति,कार्यक्रममा आएको छ,१ जिल्ला १ बाटो, १ निर्वाचन क्षेत्र १ महत्वपुर्ण बाटो, यो विनियोजनको आधार बैज्ञानिक छ।यसले ११ वटा जिल्ला ३६ वटा निर्वाचन क्षेत्र समेटिएको छ भन्ने हामीलाई लागेको छ।गौरबका

योजनाका बाटाहरु समेटिएका छन। सडक, पुल, झोलुङ्गेपूल निर्माण र डिपिआरका लागि बजेट विनियोजन भएको पाईन्छ। खानेपानी सरकारको लक्ष्य नै २ बर्षभित्र सबै घरमा खानेपानीको धारो पुऱ्याउने लक्ष्य रहेको छ यसलाई मध्यनजर गर्दै खानेपानी योजनामा बजेट विनियोजन भएको छ। केही पुराना योजनालाई निरन्तरता र केही नयाँ योजनाहरु समेटिएको छ। खानेपानीको बृहद सर्भेक्षण, जिल्लाको गुरुयोजना निर्माण, सम्पन्न खानेपानीको मर्मत सुधार, पानीको श्रोतभन्दा माथि रहेको बस्तीहरुमा खानेपानी पुऱ्याउने उद्धेश्यले लिफ्टिङ्ग खानेपानी आयोजनामा बजेट विनियोजन भएको छ। यो महत्वपुर्ण छ,यो जनताको आधारभूत आवस्यकता पनि हो,राज्यको दायीत्व पनि हो। सभामूख महोदय,उज्यालो प्रदेश बनाउने सरकारको उद्धेश्य अनुसार उर्जा विकासका लागि वजेट विनियोजन भएको छ। केन्द्रीय प्रसारण लाईन पुऱ्याउन नसकिने ठाउँमा सौर्यउर्जा प्रबिधी जडानका लागि बजेट विनियोजनको पक्ष राम्रो छ। खेतीयोग्य जमिनमा बर्षैभरि सिंचाई पुऱ्याउने सरकारको उद्धेश्य अनुसार सिंचाइको पुराना योजनाको निन्तरता, केही नयाँ योजना लिफ्टिङ्ग सिंचाईमा बजेट विनियोजन भएको छ, खेतीयोग्य जमिनमा सिंचाई उपलब्ध हुँदा कृषकहरुलाई त राहत हुन्छ नै यसको साथै कृषि उत्पादनमा वृद्धी हुन्छ,यसो हुँदा कृषिमा आत्मनिर्भर बन्ने सरकारको योजनामा महत्वपूर्ण टेवा पुग्छ भन्ने मलाई लाग्छ,यसर्थ यो बजेट महत्वपूर्ण छ। गाउँपालिका केन्द्रमा बहुउद्धेश्यीय सामुदायीक भबन निर्माणका लागि र गौरबका योजनाहरुमा बजेट विनियोजन भएको छ। समग्रमा विनियोजनको पक्ष राम्रो छ। यसको कार्यान्वयनको पक्ष सबल हुँदा बिकासले गति लिन्छ र योजनाले सार्थकता पाउँछ भन्ने मलाई लाग्छ। कार्यान्वयनको पक्ष चुनौतीपूर्ण छ जनशक्ति अभाव र झण्झटिलो खरिद प्रकृयाका कारणले गतवर्षकोयोजना प्रभावित भएको अनुभूती हामीसँग छ, आगामी योजना कार्यान्वयनमा आईपर्ने सबैखाले चुनौतीको व्यबस्थापन गर्दै तिब्रगतिका साथ योजना कार्यान्वयनमा लाग्नुको विकल्प छैन,यो सन्दर्भमा ध्यान पुऱ्याउनका लागि सभामूख मार्फत सरकार र सम्बन्धित पक्षलाइ हार्दीक अनुरोध गर्न

चाहान्छु।सभामूख महोदय, काम गर्ने सन्दर्भमा छुट हुनसक्छ, छलफलको सन्दर्भमा माननीय सदस्यज्यूहरुले धेरै कोणबाट छलफल उठान गर्नुभो। सदन अबरुद्ध गर्नेदेखि खेस्रा थप्ने सम्मका कुरा उठे, यतिबेला मलाई, यतिबेला मलाई एउटा भनाइको संझना आइराछ,हाम्रो गाउँमा एउटा हजुरबुबाले भन्नुहुन्थ्यो, कुप्रो मान्छे ऊठिसूख न बसिसुख ! छलफल सुन्दा सरकारलाई यस्तै बनाउन खोजियो कि ! खोजिएको हो कि जस्तो लाग्ने।छलफल सहकार्य र सहमतीको रटान लगाउने, योजना छुटयो भन्ने छुटेका योजना समाबेश गर्दा किन समावेश गरिस् भन्ने यो त आफैंमा कन्ट्रोभर्सियल कुरा भएन र ? सरकारलाई कुप्रो मान्छे बनाउन खोज्नुको कुनै अर्थ हुन्छ र ? अहिले हामीले अंगिकार गर्दै आएको अत्युत्तम बिधी छलफल,सहकार्य, सहमतिद्वारा अगाडी बढ्दै हाम्रो र राम्रो बिकसित सम्बृद्ध प्रदेश सुखी जनता बनाउने सरकारको लक्ष्यभेदन गर्न सकिन्छ भन्ने मलाई लाग्छ। सहमति र सहकार्यमा अगाडि बढ्दाका राम्रा अनुभूति र सरकार र प्रतिपक्षका बिचमा पक्कै पनि छन, त्यसरि नै अगाडि बढ्दा राम्रो हुन्छ भन्ने सुझाव राख्न चाहान्छु।सबैले योजना छुट्यो भनेर भनिरहेका छौं र पनि सामाजिक सञ्जालमा मेरो पहलमा भनेर योजनाको फेहरिस्त राख्ने संसदहरु रोष्ट्रममा उभिंदा योजना जिरो छ भन्ने कुरा आफैंमा कन्ट्रोभर्सियल कुरा भएन र ? मैले योजना पर्याप्त परेका छन भने योजना पर्याप्त परेका छैनन होला तरपनि योजनाको बुक हेर्दा शून्यप्रायः पक्कै छैन होला जस्तो मलाई लाग्छ। योजनालाई हेर्दा यस्तो पनि देखिन्छ। योजना निरपेक्षतामा होइन सापेक्षतामा आवस्यकताको शिद्धान्तमा बाँडिनुपर्छ।तराई, पहाड हिमाल सबै क्षेत्र ठाउँ विशेषको बिकासलाई आत्मसाथ गर्दै राज्य बिकास र सम्बृद्धिको नायक बन्नुपर्छ।जनता देशको मालिक यसोहुँदा मात्रै हामीले भनेको बिकास र सम्बृद्ध प्रदेश सुखी जनता बनाउने आधार तयार हुनसक्छ।यति भन्दै वजेटमा समर्थन रहेको कुरा निवेदन गर्दै बजेट कार्यान्वयनको सफलताको शुभकामना सहित छलफल बाट ओझेल पर्ने अनुमति चाहान्छु।धन्यवाद, नमस्कार !

**माननीय सभामूखः-**

माननीय सदस्य श्री मणिभद्र शर्मा लाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामूख महोदय,यसपालिको बजेटका बारेमा मैले माननीय मन्त्रीज्यूहरुलाई एउटा नयाँ शैली अपनाईदिन र आगामी बर्षका बजेट ल्याउँदा ति कुराहरु पनि समावेश गर्नुहोला भन्ने अनुरोध गर्न चाहान्छु त्यो के हो भने यो बजेट पेश गर्दै गर्दा अगाडि सबै शिर्षकमा अनुमानित नलेखिएपनि यी बजेट अनुमानित हुन।यी अनुमानीत गरिएका बजेटले यो बर्षभरिमा कतिवटा योजनालाई ठिक्क बराबर भयो, कतिवटालाई पुगेन,कतिवटालाई बढी भयो र कतिवटा खर्च गर्न नसकेर फ्रीज भो भन्ने डाटा यसपालि त दिनुभएन,अर्कोसाल त्यो डाटा पनि दिनुहोला, त्यो हार्दीकताका साथ अनुरोध गरें।दोश्रो कुरा हामीले यो बजेट ल्याईरहँदा अलिकति अघि हाम्रो माननीय बैनीले उभिँदाखेरि नि बुढोलाई दोष, कुप्री परेकालाई नि दोष भन्ने कुरा गर्नुभो, हामी प्रतिपक्षलाई अहिले बडो समस्या पर्याछ बसेर टेबलमा बसेर यसरि मिलाएर जाम भन्दाखेरी पनि दोष, यहाँबाट अलि राम्रैसँग बोलौं भन्दा पनि दोष।त्यसोहुनाले जे भएपनि हामीले हाम्रो बाटो समात्छौं र हामीले हाम्रो बाटोमा हाम्रो कर्तव्य निर्वाह गर्छौं र हाम्रो कर्तव्य हामीले के बुझेका छौं भने गडबड हुन नदिने,सचेत पार्ने,जनताले हामीलाई दिएको जिम्मेवारी त्यो हो त्यो बारेमा हामी च्युत हुन चाहादैनौं।कसैका भनाई र संका,उपसंकामा हामी हच्किन्नौं पनि।यो बजेट ल्याउँदै गर्दा ३ वटा गम्भिर प्रश्नहरु यहाँ खडा भएका थिए।एउटा संबैधानिक प्रश्न ! संबैधानिक प्रश्न के थियो म यो बाध्य भएर त्यसलाई बोल्न पर्‍यो त्यो संबैधानिक प्रश्न के थियो? सार्वभौमसत्ता सम्पन्न संसदमा बजेट ठिकठिक ढंगले सुसुचित हुने अधिकार सांसदको हो त्यसकारणले ठिकसँग नल्याईएको कुरा संबैधानिक समस्या हो भनेर हामीले कुरा राख्यौं,हाम्रो दलको नेताले त्यो ढंगले कुरा राख्नुभो! मैले यसलाई थप व्याख्या गर्नपर्ने वाध्यता ठानें।दोश्रो कानुनी समस्या, कानुनी समस्या पनि यहाँ थियो।कानुनी समस्या के कुरामा थियो भन्दा, बजेट वक्तब्यमा एउटा बुँदामा यतियति पैसा खर्च गर्छौं भनेर

अंक किटान गरेर राखिएको छ र कार्यक्रम बनाऊँदा त्यो किटान जस्टीफाई हुँदैन।त्यसमा मेल खाँदैन त्यो कानुनी समस्या हो कुनै वकिलले बुँदा खोजेर हामी मध्ये त मुद्दा हाल्न त नजाउँला कसैले मुद्दा हाल्यो भने समस्या छ त्यसहुनाले यसलाई सच्याउँ यो सच्चिनुपर्छ भन्ने कुराहरु हामीले राख्यौं।अझ यो भन्दा पनि वडो गम्भीर प्रश्न नैतिक प्रश्न हो। नैतिक प्रश्न के हो भने बजेट पेश गरिरहँदा आम जनताले यो नेपाल प्रति चासो राख्नेले बजेटका बारेमा जिज्ञासा राख्छन,बजेट प्रस्तुत हुँदाका दिन।हामी पहिला पहिला गाउँमा रेडियो आज यति बजे बजेट आउँछ भनेर प्री-सूचना हुन्थ्यो अनि रेडियो राखेर टक्क बेट्री ताजा बनाएर सुन्न बस्थ्यौं पञ्चायत कालमा पनि।अहिले पनि गाउँका गाउँ कुना काप्चामा बस्ने मानिसहरुले आफ्आफ्ना साधन बाट बजेटको जान्न चाहाना राख्दछन।अल्लि टाठाबाठाहरुले वेवसाईटहरु मार्फत जान्दछन। बिदेशमा काम गर्नेहरुले पनि यहाँको बजेट चाँडो भन्दा चाँडो थाहा पाउन खोज्दछन भनेसि यो कति गम्भिर र कति आम जनताले सरोकार राख्ने बिषय रहेछ? यस्तो बिषय गम्भिरताका साथ टेवल गर्नुभन्दा हतपतमा नेग्लिजेन्सि तरिकाले यहाँ पेश गरिँदा थुप्रै प्रश्नहरु आए।अहिले पनि पानी नभएका खोलामा, सिंचित क्षेत्र पनि नभएका ठाउँमा बजेट आएको छ,पानी पनि छ खलखली नजिकै खोलाबाट पानी बगेको छ,ठुलै फाँट पनि छ, योजना माग पनि भएको छ तर छुटेको छ।यस्ता कुराहरु भए यसलाई नेग्लेजेन्सी भनिन्छ।नेग्लेजेन्सी गर्नु अनैतिक काम हो त्यसैले नैतिक चुनौती पनि अहिलेको बजेट आइरहँदा खडा भएको छ।यो हामीले यसलाई सच्याएर हाम्रो प्रदेशलाई यो ७ वटा प्रदेशमा अहिले ठुलो कान्छो बजेट आएको छ हाम्रो।हाम्रो आज भोलि त दुईटा एउटा मात्रै बच्चा जन्माउने हुनाले जेठि माईली अथवा जेठो माईलो साईलो भन्ने आज भोली हराउन लाग्यो। हाम्रो छिमेकमा एउटा काकाको ७ भाइ छोराहरु थिए अनि जेठो माईलो साईलो काईलो राईलो ठुलोकान्छो कान्छो, अहिले ठुलोकान्छो बजेट आएको छ।७ वटा प्रदेशमा कान्छो भन्दा अलिकति मास्तिर हाम्रो प्रदेशमा ।तर यसको ठिक ढंगले सदुपयोग होस र त्यो

सदुपयोग बाट हामी सबै गौरवान्वित बनौं, हामी कहाँका मान्छे हौं भन्दाखेरि हामी गण्डकी प्रदेशका मान्छे हौं भनेर मेची जाँदा पनि हामिलाई गर्व गर्न पाईयोस, महाकाली जाँदा पनि गर्व गर्न पाईयोस  र काठमाण्डौ जाँदा पनि हाम्रो ठाडो शिर बन्न पाओस भन्ने चाहाना हामी सबै प्रदेशवासीको छ र त्यो चाहना पुरा गराउन यहाँका कर्यक्रम र गतिबिधी बाट हामी लाभान्वीत हुनपर्छ, हाम्रो त्यो सकारात्मक सोच हो र त्यो सकारात्मक सोचका साथ हामी सुझावहरु राख्ने गरेका छौं। यी कुराहरु र साथिहरुलाई यो बजेट महत्वाकांक्षी, क्रान्तिकारी धेरै कुराहरु यहाँ आए। मैले बजेट पुराना बजेट पनि पढें पढ्ने गर्छु अलिअलि। आजभोली अलिकति बुढो भएर थोरै आँखा दुखेर अलि कम पढ्छु र यो अहिले पनि पढें। हाम्रो डाक्टर रामशरण महतले जुन मोड्यालिटीमा जुन आदर्श दर्शनमा बजेट लयाउने गर्नुहुन्थ्यो त्यो भन्दा डाक्टर युवराज खतिवडा र वहाँका दिक्षित टिमले ल्याएका बजेट पनि फरक छैनन, त्यही मोड्यालिटी हो यहाँ कुनै महत्वकांक्षा नि छैन,क्रान्तिकारिता पनि केही पनि छैन,उस्तै हो। त्यसो हुनाले जो जस्तो छ यसलाई ठिक ठिक ढंगले सदुपयोग गरौं त्यो चाहिँ आग्रह हो त्यो ठिक ढंगले सदुपयोग होस भन्ने शुभकामना पनि हो र यो हाम्रो आजको मन्त्रालय हामी जुन मन्त्रालयमा हामी डिस्कस गरिरहेका छौं यो मन्त्रालयमा १४० पेजमा २१०६ वटा बुँदामा आज हामी छलफल गर्न लागेको मन्त्रालय हाम्रो पूर्वाधार बिकास मन्त्रालयका वजेटहरु उल्लेखित छन। मैले अगाडी नै भनें न्यायोचित र सन्तुलीत बिकासलाई यसले कति समेटन सक्यो सकेन मैले त्यस्ता १,२ वटा उदाहरणहरु पाएको छु, जहाँ खोलो छ पानी छैन लगभग पानी म जान्ने भएदेखि मैले बहुत कम देखेको छु। खेत पनि त्यति ठुलो छैन तर वजेट राम्रै छ। जहाँ पानी पनि छ, राम्रो सिंचाई खोजेको छ जमिनले,त्यहाँ बजेट मागिएको थियो परेको छैन यस्ता चिजहरु थुप्रै भएका छन। खानेपानी योजना हामी अघिल्लो बर्ष पनि हामी २ वर्षभित्र  आधारभूत तरिकाले केरे सेवा पुऱ्याउँछौं भनिएको थियो थुप्रै माग भएका योजनाहरु समावेसै गर्न सकिएन भने त्यो पक्कै सकिन्न २ वर्षमा। अब यसलाई आजै हाम्रो मन्त्रीजीले अब

बोल्दा खेरि ५ बर्षमा त गर्छु भन्नु भो भने अलीअली मेल खान्छ की ! त्यो अनुरोध पनि गर्छु। अब यो यहाँ चाहिँ केही बजेटहरु १४४३ र १४७४ मा बुँदा नंबर १४४३ र १४७४ मा शौर्यउर्जा जडान कार्य भनेर त्यहाँ ४ करोड पैसा राखिएको छ अनि अर्को १४७४ मा शौर्यउर्जा प्रबिधी जडान भनेर पनि राखिएको छ। अब यो शौर्यउर्जाको नया प्रबिधी हाम्रो प्रदेशले उद्योगको रुपमा स्थापना गर्न लागेको हो की! त्यो उद्योग हो भने कहाँ राखिने हो त्यसको पनि अलिकति जान्न पाए राम्रो हुन्थ्यो कि भन्ने लाग्यो। शौर्य अरुले बनाएका ल्याएर जोडने कुरा त त्यो ठिकै हो भैराखेकै छ । पहिला पहिला व्यक्ती व्यक्तीले नि जोड्या थिए सरकारका अनुदानमा पनि जोड्या थिए, प्रदेश सरकारका अनुदानमा पनि जोडिने भए। यहाँ चाहिँ शौर्यउर्जा प्रबिधी जडान भनेर भनिएको छ यो नयाँ उद्योग ठ्वाक्कै कहिँ राख्न लागेको हो की! कस्तो हो? मैले अलिकति मेरो मोटो बुद्धीले बुझ्न सकेन र दोश्रो यो एकिकृत नमूना वस्तीको स्थान पहीचान र फेरी त्यही एकिकृत बस्तीमा जग्गा विकास भनेर पनि उस्तैउस्तै अर्थ लाग्ने र  तल अलग अलग शिर्षकमा पैसा राखिएको छ त्यसको पनि अलि सरल ढंगले बुझ्ने गरि राख्दिनपाए राम्रो हुन्थ्यो की ! भन्ने मलाई लागेको छ। अब एउटा सडकका लागि मुआब्जा भनेर एउटा शिर्षकमा यहाँ पैसा राखिएको रहेछ, मलाई लाग्छ १६ लाख चानचून छ केरे, अब यो सडकका लागि मुआब्जा दिन त यो लोकतान्त्रिक सरकारमा अब कानूनमा खोज्न गए जनता भने दिनपर्ने वाध्यता त हो तर यो ( माननीय सदस्य समय सिद्धियो) कहाँका लागी हो कुनै योजना ठ्वाक्कै यो केरे मुआब्जा दिईहाल्नपर्ने गरि छुट्टिएको छ की तोकिएको छ की अब अहिले फेरी नयाँ खोजेर दिने हो ? यो पनि एउटा र अर्को एउटा रमाईलो बजेट पनि छ यहाँ,१८६३ नम्बर( माननीय सदस्य समय सिद्धियो) बुँदामा पेज नम्बर १४४ मा, त्यसमा ६० लाख पैसा छुट्टीएको छ व्यक्तीगत परामर्श भनेर यो कस्ता कामका लागी के का लागी व्यक्तिगत परामर्श  गर्ने हो र यस्तो पैसा चाहिन्छ? यसलाई प्रष्ट्याईदिन अनुरोध गर्दै आफ्ना भनाईहरु अन्त्य गर्दछु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामूखः-**

**माननीय सदस्य श्री राजीव पाहारीलाई छलफलमा भाग लिन समय दिन्छु।**

माननीय सभामूख महोदय, अहिले म माननीय आर्थीक तथा मामीला र योजना मन्त्री किरण गुरुङ्गज्यूले यही आसार १ गते प्रस्तुत गर्नुभएको बजेट वक्तव्यलाई आधार मानेर जुन रेडबुकमा परेका योजनाहरु मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत विनियोजन गरेका योजना कार्यक्रम शिर्षकमाथि आफ्ना धारणाहरु राख्न यहाँ उपस्थीत भैरहेकोछु।विद्वान माननीयज्यूहरुले धेरै बिषयवस्तुहरु उठाउनुभएकोछ,यो भौतिक योजना मन्त्रालय अन्तर्गत छुट्ट्याईएको बजेट,योजना,कार्यक्रम सत्तापक्ष केन्द्रीत भयो,राजनैतिक आग्रहका आधारमा वजेट विन्यास भएको छ,पहुँच र प्रभावका आधारमा यो बाँडिएको छ,हरीयो घाँस फालिएको छ,काश्य र स्वर्ण पदकका कुरा आएका छन,तसर्थ आज म यो बजेटको यो भौतिक योजना मन्त्रालय अन्तर्गत छुट्ट्याईएको विनियोजीत कार्यक्रमहरुको समग्रताको बारेमा आफ्ना धारणा राख्न गैरहेको छैन,यी जतिपनि कुराहरु मैले अघि राखें,यी तथ्यहिन आग्रहपूर्ण र पूर्वाग्रही खालका टिप्पणीहरु छन,जुन मनोगत र आत्मकेन्द्रीत सोचाई बाट आएका छन,यसलाई म पुष्टी गर्न चाहान्छु,त्यो पुष्टी तथ्यको आधारमा गर्न चाहान्छु।भावनाको आधारमा होइन।म आफ्नै निर्वाचन क्षेत्रको बजेट जुन विन्यास भकोछ त्यसलाई उदाहरण दिएर यी जतिपनि कुराहरु उठाईएका छन यी कुराहरु राख्नको निम्ती राखिएको,विरोधको निम्ति राखिएका हुन भन्ने कुरालाई पुष्टी गर्न चाहान्छु। माननीय सभामूख महोदय,म कास्की क्षेत्र नम्बर ३(२) बाट प्रत्यक्ष तर्फ निर्वाचित माननीय सांसद हुँ।म जन्मेको,हुर्केको पोखरा ६ बैदाम लेकसाईडमा हो,यो रातो किताबमा पोखरा ६ बैदाममा बजेटमा १ रुपियाँ नि परेको छैन,अर्को पोखरा ५ मालेपाटन च, जो नेपाल कम्युनिष्ट पार्टीको प्रभाव क्षेत्र हो, त्यहाँ १ रुपियाँ नि बजेट परेको छैन, यो रातो किताबमा सबैभन्दा बढि बजेट त्यो निर्वाचन क्षेत्रमा वडा नम्बर २३ चापाकोटमा परेको छ,जुन अघिल्लो वर्ष ८ करोड परेको थियो भने यो वर्ष सबैभन्दा बढि रकम ५ करोड

परेको छ,त्यसपछि अन्नपूर्ण गाउँपालिकामा १० करोड भन्दा बढि परेको छ,राजनैतिक आधारमा वजेट परेको हो भने वडा नम्बर २३ को वडाध्यक्ष र वडासदस्य कुन पार्टीबाट विजयि हुनुभएको हो त्यो भनिराख्न पर्दैन।त्यो पार्टीको नाम त मलाई ठ्याक्कै मैले बिर्से तर त्यहाँ जित्नुभएका सबै जनप्रतिनिधिहरु र पार्टी चाहिँ माननीय कृष्णचन्द्र नेपालीको पार्टीसँग ठ्याक्कै मिल्दोजुल्दो छ।अर्को अन्नपूर्ण गाउँपालिकामा जुन ठुलो रकमको वजेट परेको छ,त्यहाँको अध्यक्ष बहुमत जनप्रतिनिधिको पार्टी पनि ठ्याक्कै माननीय बिन्दू थापाज्यूको पार्टीसँग मिल्छ,मैले यो कुरालाई किन जोडेको हुम भने पोखरा वडा नम्बर ६ मा त्यहाँका बाटा जम्मै ठाउँका बाटा बनिसके, त्यहाँ खानेपानीको समस्या छैन, त्यहाँ सिंचाईको समस्या छैन,त्यहाँ आधारभूत आवस्यकताका सबै कुराहरु पुगेका छन, वडा नम्बर ५ मालेपाटनमा जहाँ त्यहाँ आधारभूत आवस्यकता सबै कुराहरु छन भने त्यहाँ किन बजेट चाहियो? अहिले प्रदेश सरकारसित हामि सबैलाई थाहा छ सबैभन्दा कम बजेट प्रदेशभरिमा चाहिँ गण्डकी प्रदेशमा हो।श्रोत,साधन अत्यन्त सिमित छ,जनताको ईच्छा,चाहाना,आकांक्षा अत्यन्त असिमित छन। सिमित श्रोत साधनले असिमित ईच्छा, चाहाना,आकांक्षा र आवस्यकतालाई संबोधन गर्न कठिनाई छ।सरकारको अबस्था जाडोको समयमा छिटो छोटो शिरक ओढ्दाको जस्तो छ,टाउकोमा ओढे खुट्टामा नपुग्ने,खुट्टामा ओढे चाहिँ टाउकोमा नपुग्ने ! यो अबस्थामा पनि जसरि चाहिँ एकदमै आवस्यकताको आधारमा मात्र होईन, अपरिहार्यताको आधारमा जुन ठाउँमा आवस्यकता छ,जुन क्षेत्रमा खानेपानीको समस्या छ, सिंचाईको समस्या छ,बाटोघाटोको समस्या छ,गोरेटो बाटो पनि नभएर जनताहरु चाहिँ जङ्गल,जङ्गल हिंडनुपर्ने स्थिति छ, यी ठाउँहरुमा प्राथमिकता दिएर जुन यो बजेट छुट्ट्याईएको छ, यो यथार्थको जगमा यो बजेट आएको छ, त्यसो भएर म गण्डकी प्रदेश सरकारलाई, माननीय मुख्यमन्त्रीज्यूलाई,आर्थिक मन्त्रीज्यूलाई,भौतिक योजना मन्त्रीज्यूलाई हार्दीक बधाई दिन चाहान्छु।बि.पि.कोईरालाले भने झैं फोटो हेरेर होईन, सम्बन्धित ठाउँको भूगोल र

त्यहाँका जनताको आर्थीक,सामाजिक अबस्था हेरेर यो बजेट आएको छ। यी धेरै कुराहरुले त्यो कुरालाई पुष्टी गर्दछ जस्तै अहिले कुराहरु धेरै आए धेरै, धेरै कुराहरु आएका छन, जस्तै कास्कीमा भन्दा बढि बजेट गोरखामा पर्नु स्वभाबिक हो किनभने कास्कीभन्दा सयौं गुणा गोरखा विकट छ। गोरखाका कतिपय ठाउँहरुमा यति दुर्गम छन,त्यहाँबाट सदरमुकाम आउन ४/५ दिन लाग्छ। कास्कीमा भन्दा स्याङ्गजामा वजेट पर्नु स्वभाबिक कुरा हो। कास्कीमा भन्दा अन्य जिल्लामा वजेट पर्नु स्वभाबिक कुरा किन हो भने कास्की अरु जिल्ला भन्दा धेरै बिकसित छ,यहाँ न्यूनतम आवस्यकताका कुराहरु पुगेका छन। त्यसो भएर यो जुन ढंगबाट कुराहरु आईरहेको छ यी कुराहरु आग्रहपूर्ण ढंगबाट आछन। मैले भनेको ठाउँमा परेन,मेरो घर अगाडीको बाटो परेन,मैले भन्ने आधार होईन, आवस्यकता कहाँ हो ,अपरिहार्यता कहाँ हो? पहिला त हामीले न्यूनतम जनताका आवस्यकताका पुरा गर्नुपर्‍यो त्यो ढंगबाट यो कुराहरु आइरहेको छ,त्यसो भएर यो बजेट एकदम यथार्थमूखी छ र यो बजेट सांसदमूखी भन्दा पनि जनमूखी छ। यो बजेटले जनताका समस्याहरुलाई एड्रेस गरेको छ। जनताका मागहरुलाई चाहिँ यसले चाहिँ बुझाएको छ अब यहाँ प्रसंग धेरै आए। मह काट्ने काम भकोछ,त्यो मह काटेको मह काट्नेले यहाँ चाटेको छैन,मह चाहीँ जनताले चाट्ने अबस्था बनाएको छ यहाँ धेरै प्रसंग आए, जाली लगाउँदा राम्रै हुन्थ्यो तर त्यो जाली लगाएको जम्मै प्वाल परेको जाली रैछ क्या! त्यो चाहीँ जम्मै चाहिँ मह पसेर टोक्नसक्ने यि धेरै कुराहरु यसमा छन, माननीय सभामूख महोदय, अब यो बजेटमा यो बजेट जत्ती पनि आको छ जस्तो अघि मैले प्रसंग पनि निकालें, कतिपय ठाउँमा जस्तै म पोखरा २३ को चापाकोटको उदाहरण दिन्छु, त्यहाँ खहरेखोला भन्ने छ, त्यहाँ पूल नभको कारणले मानिसहरु बर्षातको समयमा अहिलेको समयमा पारिका मान्छे पारिको पारि,वारिको मान्छे वारिको वारि हुन्थ्यो। अस्ति माननीय मुख्यमन्त्रीज्यूले गएर शिलान्यास गर्नुभयो, भौतिक योजना मन्त्रीज्यूले नि जानुभको थियो। ७ करोडको चाहिँ त्यहाँ पुलको शिलान्यास भकोछ, अब २ वर्षमा बन्दैछ। त्यसपछि त्यहाँ मान्छेलाई

सुगमता हुन्छ। त्यसो भएर अहिले त नयूनतम आवश्यकताको कुरा, मान्छेले खानेपानी पिउँन पाको छैन,खानेपानी लिनको निम्ति १ दिन लाएर चाहिँ उता पानीको मुहानमा जान पर्नीछ ति ठाउँहरुमा यो बजेटले एड्रेस गरेको छ। त्यसोभएर म १ चोटी सबैलाई अनुरोध गर्नचाहान्छु माननीयज्यूहरुलाई नि, हामीले रातो किताबलाई राम्रोसँग हेरौं,रातो किताबलाई राम्रोसँग अध्ययन गरौं,यो कार्यान्वयनको सम्बन्धमा संघीयतामा गको बल्ल हामी एक,डेढ वर्ष भयो, अघिल्लो वर्ष हामीले बिधी,कानून, नीति,नियम बनाउनै हाम्रो समय खर्च गऱ्यौं, अब ति संरचनाहरु बनेका छन अब त्यल्लाई कार्यान्वयन गर्नको निम्ति माननीयज्यूहरुले पनि त्यसमा चाहीं टाईअप भएर कसरि जाने? बरु त्यो तिर चाहिँ सरकारले चाहिँ गम्भिरतापूर्वक बरु त्यो टाईअप कसरि गराउन सकिन्छ,हामी माननीयज्यूहरु सँग पनि सल्लाह गरेर हामीले त्यो ढंगबाट चाहिँ त्यो ढंगबाट योजना बनाएर जाउँ, बजेटलाई कार्यान्वयन हामी सबैले गर्नि हो ,हामी सबै एउटै डुँगामा सवार छौं, भोली चाहिँ डुँगामा चाहिँ पानी पस्यो,डुँगा डुब्यो भने हामी सबै डब्छौं यो कुरामा हामी सबैले ख्याल गरेरै अगाडि बढ्नुपर्छ। अब जहाँसम्म कुरा धेरै आईसकेका छन। काश्य र स्वर्ण पदकका कुरा पनि आछन,विगतमा स्वर्णपदक पाउनेलाई हैन सरकारले काश्यपदक दिएछ सधैं काश्यपदक पाउनेलाई अहिले स्वर्णपदक दिएर व्यालेन्समा ल्याउन खोजेको हो। बिकासलाई समन्यायीक ढंगबाट अगाडी बढाउन खोजेको हो कुनैठाउँमा चाहीं बिकासै,बिकास कुनै ठाउँमा चाहिँ पछाडी परेको पऱ्यै हुन्छ,त्यसो भएर यो जसरि मैले यो रातोकिताब ,माननीयज्यूहरु मैले नि एकरातै सुतिन पढें, जताबाट पढदा पनि यो रातोकिताब चाहिँ एकदम सन्तुलित बिकासको अबधारणा अनुसार आकोछ,त्यसो भएर यो रातोकिताबले चाहिँ यो बिकास र सम्बृद्धीलाई अगाडी बढाउँछ। जहाँसम्म यो सरकार अहिले चाहिँ यो बजेट सरकार भन्दा नि यो बजेट लार्भा जस्तो छ,जब यो बजेट सदनबाट पारित हुन्छ अनि यो बजेटले पूतलीजस्तो बिकास र सम्बृद्धीको चाहिँ त्यो पूतलीजस्तो सबै ठाउँमा गएर बिकास र संबृद्धी छर्नेछ र यो प्रदेशलाई बिकास र संबृद्धीले यो प्रदेशलाई आर्थीक

योजनामन्त्रीले भनेजस्तै यो बजेटले धुमै मच्चाउँछ। त्यो मच्चाउनलाई हामी सबैले ईमान्दारितापूर्वक कार्यान्वयन गर्ने ढंगबाट हामी लागौं ।अब यो बजेट कुनैमन्त्रीज्यूको गोजीबाट यो आयो नीति,कार्यक्रम हैन यो गोजीमा कहिँ अट्छ? यो त तपाई हामी माननीयहरुले जुन फायल बनाएर मन्त्रालयमा दियौं, अनि माननीय भौतिक योजना मन्त्रीले त्यो फायल हेर्दै,त्यहाँको तलको भौतिक अबस्था हेर्दै,त्यहाँको परिस्थिति हेर्दै, त्यहाँका चाहिँ त्यहाँको सबै भूगोललाई अध्ययन गरेर लिएर आउनुभछ,अब गोजिबाट झिकेको भन्ने कुरो गोजीमा यत्रो अटाउँछ? यत्रो चाहिँ अटाउने कुरै होईन त्यसो भएर यो एकदम यथार्थताको जगमा छ यसको म पूर्ण समर्थन गर्न चाहान्छु, त्यसो भएर हामीले यो पञ्चायतकालमा पहुँच र प्रभावको आधारमा बजेट आउँथ्यो, अहिले आवस्यकता र अपरिहार्यताको आधारमा यो आको कारणले हामी अल्ली परिबर्तन हुन अल्ली ऽऽ कठिन हुन्छ नि त्यसो भएर अलिअलि हामीलाई त्यो बिगतको भन्दा फरक ढंगबाट यो बजेट आकोले अघिल्लो वर्ष र यो वर्षको बजेट फरक ढंगबाट आकोले यो हामीलाई त्यो लाको मात्र हो। अब यो एउटै हुन्छ हरियो घाँस फालिएको होईन, अघि एउटा प्रसंग आयो यो त बिकास र संबृद्धिको योजना दिएको तर भदौमा आँखा फुटेको केले हो भन्छ मलाई ठ्याक्क **(माननीय सदस्य समय सिद्धियो)** नाम आएन सधैं हरियो देख्छ भनेजस्तो त्यो देखिएको मात्रै हो। त्यो देख्नेको गल्ती हो,यो चाहिँ बिकास, संबृद्धिको योजना सहित आकोछ। धन्यवाद ! नमस्कार !

**माननीय सभामूखः-**

माननीय सदस्यहरु,आजको लागि यो छलफल यहिँ समाप्त हुन्छ।

**माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार १३ गते दिउँसो १:०० बजे सम्मको लागि स्थगित हुन्छ।**